ehetaudasandesh.com

हेटौंडा

राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: २९५ ॥ बिहीबार ०३ चैत २०८२ ॥ चतुर्दशी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Thursday 16 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

## विद्युतीय सवारीप्रति आकर्षण

सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा विद्युतीय सवारीसाधनप्रति आकर्षण बढ्दै गएको छ। यही क्रममा हेटौंडा-१० स्थित सोलिड्यारिटी स्कुलअगाडि रहेको एक कम्पनीको नयाँ इलेक्ट्रिक अटो बजारमा ल्याएको छ। कम्पनी सञ्चालक सुलभ श्रेष्ठका अनुसार बढ्दो पेट्रोलियम मूल्य र वातावरणीय चुनौतीलाई ध्यानमा राख्दै विद्युतीय अटो भित्र्याइएको हो। 'सस्तो, टिकाउ र वातावरणमैत्री विकल्प दिनु हाम्रो उद्धेश्य हो,' उनले बताए।

नयाँ अटो खरिद गर्न चाहने ग्राहकका लागि एक्सचेञ्ज सुबिधा पनि उपलब्ध गरिएको छ। जसअन्तर्गत् पुराना मयुरी, अटो वा बाइक साटेर नयाँ अटो लिन सकिनेछ। ३ लाख ५० हजार डाउनपेमेन्टमा उपलब्ध अटोको कुल मूल्य ८ लाख ४९ हजार ९ सय रुपियाँ तोकिएको छ। प्रविधिको हिसाबले पनि अटो आकर्षक रहेको कम्पनीले जनाएको छ।

एकपटक चार्ज गर्दा २ सय २० किलोमिटरसम्म चल्ने क्षमता रहेको अटो पहाडी क्षेत्रमा करिब १८०/१९० किमिसम्म सञ्चालन गर्न सकिन्छ। ओरालो बाटोमा गुड्दा आफैं चार्ज हुने प्रणाली र अटोब्रेक सिस्टम जस्ता आधुनिक सुबिधा यसमा समावेश छन्।

# हेटौंडामा घरघरमै राहदानी



सन्देश संवाददाता

हेटौंडा/स्थानीय प्रशासनले पूर्वघोषित कार्यअनुसार हेटौंडामा बुधबारदेखि राहदानी (पासपोर्ट) घरमै पुऱ्याउन थालेको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक सेवामार्फत् सेवाग्राहीको घरमै राहदानी पुऱ्याउने व्यवस्था लागु गरेको हो। राहदानी घरमै पुऱ्याउने सेवा सुरु भएपछि सेवाग्राहीले प्रशासन कार्यालय धाउनुपर्ने झन्झटबाट मुक्ति पाएका छन्। हुलाक सेवामार्फत् हाललाई राहदानी वितरण सुरु गरिएका कारण समय र श्रम बचत गर्दै सेवाप्रक्रियालाई सहज र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

सेवाको सुरुवातका रुपमा हुलाक कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-४ बस्ने करिब २२ वर्षीय निश्चल मानन्धरको घरमै पुगेर राहदानी बुझाएको छ। राहदानी वितरणका लागि हुलाकका सम्बन्धित कर्मचारीसहित जिल्ला हुलाक कार्यालय प्रमुख र प्रशासनका कर्मचारी मानन्धरको घर पुगेका थिए।

घरमै राहदानी पाउँदा मानन्धरले सरकारको कदम स्वागतयोग्य भएको बताए। राज्यले सर्वसाधारणलाई घरदैलो सेवाप्रवाह गर्ने बुँदा कार्यान्वयन गर्ने उद्धेश्यले प्रशासनको समन्वयमा हुलाक कार्यालय मकवानपुरले उक्त कार्य सुरु गर्दा उक्त सुबिधा प्रयोग गर्ने पहिलो सेवाग्राही उनले यस्तै सेवा अन्य क्षेत्रमा पनि विस्तार गर्नुपर्ने बताए। उक्त सेवा नेपाल सरकारले घोषणा गरेको सय बुँदे शासकीय सुधार कार्यक्रमअन्तर्गत् सुरु गरिएको हो।

स्थानीय प्रशासनले राहदानी वितरणका लागि बुधबार हुलाक कार्यालयलाई ५० वटा राहदानी उपलब्ध गराएको छ। जिल्ला हुलाक कार्यालय प्रमुख रमेश लामिछानेका अनुसार ती सबै राहदानी तत्काल सेवाग्राहीको घरमा पुऱ्याइएको छ। प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार राहदानी तयार भएपछि फेरि कार्यालय धाउनुपर्ने झन्झट अन्त्य गर्न उक्त सेवा सुरु गरिएको हो। उनका अनुसार सुरुवाती चरणमा उपमहानगर क्षेत्रमा उक्त सेवा उपलब्ध गराइए पनि भविष्यमा नागरिकता, परिचयपत्र र लाइसेन्ससमेत घरमै पुऱ्याउने लक्ष्य प्रशासनले लिएको छ।

हालसम्म तयार भइसकेका तर लिन नआएका करिब पाँच सय राहदानी सेवाग्राहीको घरमा पुऱ्याउने योजना प्रशासनको रहेको उनले बताए। हुलाक कार्यालय प्रमुख लामिछानेका अनुसार उपमहानगरनजिकका वडामा बुधबार नै राहदानी पुऱ्याइएको छ भने टाढाका स्थानमा बिहीबार बेलुकासम्म वितरण गरिनेछ।

# हेटौंडा सिमेन्ट नियमित सञ्चालनको माग



सन्देश संवाददाता

हेटौंडा/आर्थिक संकट व्यहोर्दै आएको हेटौंडा सिमेन्ट उद्योग नियमित सञ्चालन गर्न माग गरिएको छ। रुग्ण उद्योगलाई पुनर्सञ्चालनमा ल्याउने सरकारले तयारी गरेपछि आर्थिक संकटका कारण कहिले बन्द हुने र कहिले खुल्ने नियति उद्योगले भोग्दै आएको छ।

सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा गरेकाले विभिन्न समस्यासँग जुध्दै अएको हेटौंडा उद्योग पनि नियमित र पूर्णक्षमतामा सञ्चालन गर्न माग गरिएको हो। सिमेन्ट उद्योगलाई पुनः नियमित कसरी सञ्चालन गर्न सकिन्छ भने विषयमा सांसद् प्रकाश गौतमले प्राथमिकता दिएका छन्। हेटौंडा सिमेन्ट उद्योगका समस्या समाधान गरी नियमित सञ्चालनका लागि संघीय र बागमती प्रदेश सरकारसँग पहल गरिरहेको उनले बताए।

'हेटौंडा सिमेन्ट उद्योगलाई पुनः कसरी नियमितरुपमा सञ्चालन गर्न सकिन्छ भने विषयमा प्रधानमन्त्री र उद्योगमन्त्रीसँग पनि कुरा गरेको छु,' सांसद् गौतमले भने-यस विषयमा केही दिनअघि बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेको छु। उहाँहरुले पनि सकारात्मक आश्वासन दिनुभएको छ। उद्योगका कर्मचारीहरुसँग पनि यस विषयमा अन्तर्क्रिया गरेको छु। सबैबाट राम्रै सुझाव आएको छ,' उनले भने।

'उद्योग चलाउन सकिने सम्भावना देखिन्छ, उद्योग रुग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलबमात्र खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ,' उनले भने-उद्योगमा हुँदै आएको राजनीतिक हस्तक्षेप, आन्तरिकरुपमा हुने भ्रष्टाचार रोक्न सकियो र नयाँ व्यवस्थापन टिम बनाउन सकियो भने उद्योग चलाउन सकिने सम्भावना देखिन्छ। त्यसका लागि म प्रयास गरिरहेको छु। छिट्टै सकारात्मक परिणाम आउन सक्नेमा विश्वस्त छु,' उनको कथन छ।

उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा गत भदौ १९ देखि २४ गतेसम्म पाँच दिनमात्र उद्योग सञ्चालन भएको छ। उक्त अवधिमा दुई हजार ५ सय टन क्लिंकर र करिब ३० हजार बोरा सिमेन्ट उत्पादन भएको उद्योगका निमित्त महाप्रबन्धक डा. शिवनारायण साह बताए। चैत १३ गतेदेखि उद्योगले पुनः क्लिंकर उत्पादन प्रक्रिया सुरु गरे पनि कच्चापदार्थ नहुँदा पुनः रोकिएको छ। अघिल्लो महिनामा कोइला खरिदका लागि बोलपत्र आह्वान गरिए पनि पुरानो बक्यौता रकम तिर्न नसक्दा कोइला आउन नसकेकाले एक/दुई दिनमा पुनः उद्योग बन्द हुने निमित्त प्रमुख डा. साहको भनाइ छ।

'हाल मौज्दात रहेको कच्चापदार्थबाट क्लिंकर उत्पादन हुँदैछ, क्लिंकरबाट सिमेन्ट उत्पादन गरेर प्याकिङ हुन्छ,' निमित्त महाप्रबन्धक साहले भने-अबको एक/दुई दिनमा उत्पादन ठप्प हुन्छ। तर, नियमित खर्च जस्ताको त्यस्तै छ,' डा साहले भने-उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीहरुको तलबभत्ता दिनैपरेको छ, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकै छ। जसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा त भइ नै हाल्यो,' उनले भने-उद्योग दैनिक सञ्चालन भयो भने कम्तिमा दैनिक एक सय २० टन कच्चापदार्थ कोइला आवश्यक पर्छ। तर, त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन। यसबाहेक आर्थिक समस्याका कारण कर्मचा-रीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी पनि गर्न सकिएको छैन।

उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत् छन्। आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा बक्यौता थपिएको छ। 'विद्युत् उपभोग त गरियो तर महसुल बुझाउन सकिएन,' उनले भने-हाल ठ्याक्कै कति महसुलको बक्यौता बाँकी भने भन्न नसकिए पनि करिब ३०/४० करोड जति बक्यौता बाँकी छ होला। त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उनको कथन छ। २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो। हाल उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरुको भनाइ छ।

# आफ्नै भवनमा हेटौंडा-५



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-५, राईटोलमा नवनिर्मित वडा कार्यालय तथा सामुदायिक भवन उद्घाटन गरिएको छ। वडा अध्यक्ष सुशील घिमिरेको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा उपमहानगर प्रमुख मीनाकुमारी लामा प्रमुख अतिथि थिइन्।

कार्यक्रममा नवनिर्मित प्रशासनिक भवन उद्घाटन गर्दै नगर प्रमुख लामाले हेटौंडा नगरको दीर्घकालीन परिकल्पनाअनुरुप विकास निर्माणका कार्यहरु अघि बढिरहेको बताइन्। उनले वडा कार्यालयहरुलाई जनताको सेवाप्रवाहका आधार स्तम्भका रुपमा उल्लेख गर्दै सेवा विस्तारका लागि आवश्यक जिम्मेवारी सबै वडालाई प्रदान गरिसकिएको जानकारी दिइन्।

नगर प्रमुख लामाले भवन निर्माणका लागि जग्गा व्यवस्थापनदेखि निर्माण सम्पन्न हुँदासम्म सहयोग गर्ने सम्पूर्ण पक्षप्रति आभार व्यक्त गरिन्। शिक्षा, स्वास्थ्य, व्यक्तिगत् सिफारिसलगायत सरकारी सेवाहरु छिटो, छरितो र प्रभावकारीढंगले प्रवाह गर्न जनप्रतिनिधि तथा कर्मचारीहरु समर्पित हुनुपर्नेमा उनले जोड दिइन्। उनले वडा नम्बर-५ लाई नमूना वडा बनाउने लक्ष्यसहित स्थानीयलाई सक्रिय भूमिका खेल्न आह्वान गरिन्।

# सिमरा-काठमाडौं घटे ६५ प्रतिशत् यात्रु




सन्देश संवाददाता

हेटौंडा/सिमरा-काठमाडौं रुटमा ६५ प्रतिशत् यात्रु घटेका छन्। हवाईइन्धनको मूल्य वृद्धिपछि हवाईभाडा बढेकाले ६५ प्रतिशत्सम्म यात्रु घटेका हुन्। दैनिक पाँच उडान हुने सिमरा-काठमाडौं रुटमा दशकौंपछि उडान भर्ने यात्रु ६५ प्रतिशत् घटेको नागरिक उड्डयन कार्यालय सिमराले जनाएको छ।

सिमरा विमानस्थलबाट यसअघि ५/६ सय यात्रुहरुको ओहोर दोहोर हुने गरेकोमा हाल करिब २ सयको हाराहारीमा यात्रु हुने गरेका छन्। इन्धनको मूल्यमा भएको वृद्धिले सिमरा-काठमाडौं रुटमा एक हजार एक सय रुपियाँ हवाईभाडा बढेको छ। हाल सिमरा-काठमाडौंको भाडा ५ हजार ५ सय ५० रुपियाँ छ।

भने काठमाडौं-सिमराको भाडा ५ हजार १ सय ५० रुपियाँ छ। केही सातायता सिमरा-काठमाडौं रुटमा उड्ने बुद्ध एयरका एटीआर ७२ जहाजले पूर्णक्षमतामा यात्रु बोक्न पाएका छैनन्। बढीमा १५ मिनेट उडान समय रहने काठमाडौंबाट सिमरा विमानस्थलमा आउने विमानहरुले बढीमा २५ जना यात्रु लिएर उत्रने गरेको छ भने फर्कंदा सिमराबाट करिब ३० यात्रु लैजाने गरेको निजी विमान कम्पनीहरुले जनाएको छ।

सिमरा विमानस्थलमा रहेको बुद्ध एयरका कार्यालय प्रमुख सुरेश रेग्मीले पछिल्लो दुई सातायता सिमरा विमानस्थलमा हुने उडान बढीमा ५० प्रतिशत्को औसत अकुपेन्सीमा चलिरहेको बताए। जेनजी आन्दोलनपछि अकुपेन्सी घट्न सुरु भएको बताउँदै रेग्मीले भने-हाल इन्धनको मूल्य बढ्दै जाँदा भाडा पनि बढेकाले मध्यम वर्गका यात्रुको आकर्षण पूरै घटेको छ।

पथलैया वीरगञ्ज औद्योगिक कोरिडोरमा रहेको सिमरा विमानस्थल अत्यधिकरुपमा राजनीतिक नेता/कार्यकर्ता राजनीतिक भेटघाटका लागि दौडधुप बढी गर्ने तथा व्यापार/व्यवसायमा संलग्न उद्योगी/व्यवसायीले बढी प्रयोग गर्ने विमानस्थलका रुपमा चिनिँदै आएको थियो। नयाँ सरकार बनेपछि पुराना दलका नेता/कार्यकर्ताको काठमाडौं आवतजावत घटेको छ।

सिमराबाट काठमाडौं सडकमार्गमा चार घण्टामा यात्रा गर्न सकिने भएकाले अत्यावश्यकबाहेक यात्रुलाई हवाईयात्रा गर्नपर्ने बाध्यता नभएकाले पनि महंगो भाडामा यात्रुको आकर्षण घटने गरेको ट्राभल एजेन्टहरु बताउँछन्।

चुरियामाई ट्राभल्स सिमराका रोहित साहले भाडा बढेपछि प्लेन टिकट काट्ने यात्रु घटेको बताए। पहिले आफूले नियमित टिकट काट्ने गरेका विमानका यात्रुहरुले समेत सडकमार्ग प्रयोग गर्न थालेपछि विमान चढ्ने यात्रु घटेको उनले बताए। बारा, पर्सा, रौतहट र मकवानपुरको हेटौंडासम्मका यात्रुहरुले सेवा लिँदै आएका सिमरा विमानस्थलमा एटीआर ७२ जहाजमार्फत् बुद्ध एयरले दैनिक पाँच वटा उडान गर्ने गरे पनि यति एयर, श्री एयरलाइन्स, सौर्य एयरलाइन्स र नेपाल एयरलाइन्सले सेवा बन्द गरिसकेका छन्।

# स्थापना दिवसमा रक्तदान




सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-६ चौघडामा रहेको चौघडा बचत तथा ऋण सहकारी संस्थाले आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

सहकारीको १८ औं स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा १८ जनाले रक्तदान गरेका थिए। नेपाल रेडक्रस सोसाईटी मकवानपुर शाखाको सहजिकरणमा भएको रक्तदानमा १३ जना पुरुषसहित रक्तदान गरेको संस्थाका ब्यवस्थापक दिपा श्रेष्ठले जानकारी गराईन्।

कार्यक्रमलाई सम्बोधन गर्दै संस्थाका अध्यक्ष बिजयकुमार श्रेष्ठले सहकारीले बचत लिने र दिने मात्र नभई समाजका हरेक सामाजिक क्रियाकलापमा हातेमालो गर्दै आएको बताए। हेटौंडा बजारमा उपशाखासमेत खोलेर कारोवार गरिरहेको संस्थामा करिव ३ हजार शेयर सदस्य रहेको उनले जानकारी गराए।

सहकारीको आफ्नै सभाहलमा बिहान ७ बजेदेखि ९ बजेसम्म आयोजित रक्तदानमा संस्थागत बिकास उपसमितिका सदस्य राजकुमार फुंयालले सञ्चालन गरेका थिए। कार्यक्रमपश्चात सहयोगी रेडक्रसकर्मीलाई मायाको चिनोसहित बिदाई गरिएको अध्यक्ष श्रेष्ठले जानकारी गराए।

# अरनिकोद्वारा शिक्षाको गुणस्तर वृद्धिमा नयाँ पहल



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-१९ स्थित अरनिको माध्यमिक विद्यालयले विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यार्थी तथा अभिभावकलाई आकर्षित गर्न नयाँ पहल सुरु गरेको छ। आगामी शैक्षिक सत्रदेखि घट्दो विद्यार्थी आकर्षण र अभिभावकको चासो बढाउने उद्धेश्यले विद्यालयले नेपालीसँगै अंग्रेजी माध्यमबाट पनि पठनपाठन सञ्चालन गर्ने निर्णय गरेको छ। विद्यालयले बुधबार आयोजित पत्रकार सम्मेलनमार्फत् आफ्नो वर्तमान शैक्षिक अवस्था तथा भविष्यका योजनाहरु सार्वजनिक गरेको हो।

निजी विद्यालय तथा अंग्रेजी माध्यमप्रति अभिभावकको बढ्दो आकर्षणलाई मध्यनजर गर्दै विद्यालयले आफूलाई परिमार्जन गर्ने नीतिलाई ब्यवस्थापन समितिले अघि सारेको जानकारी दिइएको छ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष गान्धी घलानका अनुसार हाल नर्सरीदेखि कक्षा-३ सम्म अंग्रेजी माध्यममा पढाइ भइरहेकोमा आगामी सत्रदेखि कक्षा-४ सम्म विस्तार गरिने र क्रमशः माथिल्ला कक्षामा पनि लागु गरिँदै लैजाने योजना छ।

उनले अंग्रेजी माध्यमको पढाइ सुरु भएपछि विद्यार्थी र अभिभावकमा उत्साह बढेको बताइन्। 'सक्षम अभिभावकले आफ्ना बालबालिकालाई निजी विद्यालयमा पठाउने प्रवृत्ति छ। तर, आर्थिक तथा पारिवारिक समस्यामा रहेका बालबालिकालाई पनि गुणस्तरीय शिक्षा दिने उद्धेश्यले हामीले अंग्रेजी माध्यम सुरु गरेका हौं,' उनले भनिन्। उनले सबै अभिभावकलाई यस अभियानमा साथ दिन आग्रह गरिन्।

२०३२ सालमा स्थापना भएको विद्यालयमा अघिल्लो शैक्षिक सत्रमा ५ सय २ विद्यार्थी अध्ययनरत् थिए। विद्यालयका प्रधानाध्यापक विष्णु परियारका अनुसार केवल नेपाली माध्यममा सीमित रहँदा विद्यालय प्रतिस्पर्धी बन्न नसक्ने महसुस गरी वडा अध्यक्षको पहलमा अघिल्लो वर्षदेखि अंग्रेजी माध्यम सुरु गरिएको हो। उनले कम शुल्कमा गुणस्तरीय र स्नेहपूर्ण वातावरणमा शिक्षण सिकाइ उपलब्ध गराउने लक्ष्य रहेको बताए।

सहायक प्रधानाध्यापक राजु घलेले बोर्डिङ विद्यालयसरह गुणस्तर कायम गर्ने उद्धेश्यले नतिजा सुधारमा विशेष ध्यान दिइएको जानकारी दिए। हेटौंडा उपमहानगरपालिका-१९ का वडा अध्यक्ष नरनाथ सुबेदीले भौगोलिकरुपमा विकट क्षेत्रको शिक्षाको अवस्था सुधार गर्न आफू सक्रिय रहेको बताए।

विद्यालयका शिक्षक-अभिभावक संघ अध्यक्ष रामप्रसाद पौडेलले विद्यार्थीको शैक्षिक सुधारका लागि शिक्षकसँगै अभिभावक र स्वयम् विद्यार्थीको पनि समान भूमिका रहने भएकोले सबैले जिम्मेवारी लिनुपर्ने धारणा राखे।

# रास्वपाको कारबाही, वडाको सम्मान



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा एक युवालाई राजनीतिले कारबाही गर्दा समाजले भने सार्वजनिक कार्यक्रममा सम्मान गरेको छ। सामाजिक अभियन्ताका रुपमा परिचित विशालराज महतलाई सत्तारुढ पार्टी रास्वपाले कारबाही गर्दा हेटौंडा उपमहानगरपालिका वडा नम्बर-५ को भवन उद्घाटन कार्यक्रममा भने मंगलबार सम्मान गरिएको छ।

अनियमितता, बेथिति र भ्रष्टाचारविरुद्ध आवाज उठाउने, बिरामीको सहारा बन्ने, विद्यार्थीको अभिभावक बन्ने र जनताको पक्षमा खबरदारी गर्ने जस्ता कार्यहरुको कदर गर्दै उहालाई मेयर मीना लामाबाट माला र खादा ओढाइयो। तर, सम्मानको फूल ओइलाउन नपाउँदै अर्को पाटोबाट कारबाहीको काँडा रोपियो। पछिल्लो समय हेटौंडा-काठमाडौं सुरुङमार्गमा जनताको पैसा डुबेको भन्दै फिर्ता गर्नुपर्ने अभियान चलाइरहेका महतलाई राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले भने संगठित सदस्यसमेत नरहने गरी कारबाहीको सिफारिस गरेको छ।

एकातिर सम्मान भएका उनलाई आफ्नै राजनीतिक घेराभित्रबाट कारबाहीको उपहार दिइएको छ। यसले देखाउँछ कि यहाँ योग्यताको मापन कामले होइन, कसको बाटोमा कति बाधा पुऱ्यायो भन्ने आधारमा हुने रहेछ। स्थानीयस्तरमा निर्वाचन नजिकिँदै जाँदा केही पात्रहरुलाई महतको सक्रियता असहज बन्दै गएको छ। त्यही कारण कारबाहीले तानिएको दाबी छ। महतको दाबी छ-मलाई सांसद्को डिजाइनमा लक्षित कारबाही गरिएको हो। यो न्याय होइन, राजनीतिक प्रतिशोध हो। यो पार्टीको होइन, व्यक्तिगत् आधारमा गरिएको कारबाही हो।

## लोकतन्त्र दिवस-२०८३

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं।

*सबल लोकतन्त्र, समृद्ध राष्ट्र।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**उखान:** गयो डोटी, खायो रोटी, हिड्ने बेलामा धोती न टोपी ।

**॥॥ बेलाको बोली ॥॥**

आशावादी व्यक्ति कठिन परिस्थितिहरूमा पनि आशावादी रहन्छन् । त्यस परिस्थितिमा आफ्नो अवसर खोज्छन्। नकारात्मक व्यक्तिहरू हरेक समय बहाना खोजिरहन्छन् । *- अज्ञात*

## सम्पादकीय

### २०८३ मा हाम्रो चाहना

*नयाँ वर्ष २०८३ को आरम्भसंगै नेपाली नागरिकमा नयाँ आशा जागेको अवस्था छ । खासगरी नवगठित सरकारसँग नागरिकहरूले सुशासनको अपेक्षामात्र होइन, भरोसा नै गरेका छन् । सुशासन कायम हुन सके विकास र समृद्धिको यात्रा ठीकढंगले अगाडि बढ्न सक्छ भन्ने सबैजसोको विश्वास छ । गएको वर्ष देशको राजनीतिक इतिहासमा एक किसिमले उथलपुथलको वर्षका रूपमा रह्यो भन्दा फरक पर्दैन । विशेषगरी भदौ २३ र २४ मा देखिएको जेनजी विद्रोहले यी सबै पक्षलाई एकैपटक सतहमा ल्यायो । जेनजी आन्दोलनपछि गत फागुन २१ मा भएको प्रतिनिधिसभा निर्वाचनले लामो राजनीतिक विरासत बोकेका राजनीतिक दल र तिनका नेतृत्वलाई एकैपटक अस्वीकार गर्‍यो । अहिले तत्कालको अवस्थामा भन्ने हो भने लामो राजनीतिक विरासत बोकेका सबैजसो राजनीतिक दल रक्षात्मक अवस्थामा पुगेका छन् भन्दा फरक पर्दैन ।*

*२०८२ सालको राजनीतिक परिदृष्य हेर्दा राजनीतिक स्थायित्वको अभाव प्रमुख समस्याका रुपमा देखियो । सरकार गठन र पुनर्गठन, शक्ति समीकरणका खेलले शासन प्रणालीप्रति जनविश्वास कमजोर बनाएको अवस्था रह्यो । लोकतान्त्रिक व्यवस्थामा नीतिगत निरन्तरता र संस्थागत सवलीकरण आवश्यक हुन्छ, तर व्यवहारमा दलगत स्वार्थ हावी हुँदा दीर्घकालीन लक्ष्यहरु ओझेलमा परे । त्यतिमात्र होइन, यसले न्यायिक संयन्त्र र संवैधानिक निकायहरुप्रति पनि प्रश्न उठ्ने अवस्था सिर्जना गर्‍यो । जब राज्यका संस्थामाथि नै नागरिकको विश्वास कमजोर हुन्छ, त्यहाँ सरकारसँग नागरिकको आशा र भरोसा नै बाँकी रहँदैन ।*

*यसैगरी आगामी दिनमा सुशासन सुदृढ गर्न पारदर्शिता, उत्तर दायित्व र भ्रष्टाचार नियन्त्रणका लागि कडा कदम चालिनु अति आवश्यक छ । जेनजी विद्रोहले देखाएको ऊर्जा र चेतनालाई सकारात्मक दिशामा प्रयोग गर्न सकियो भने, यसले देशको विकासमा नयाँ गति दिन सक्ने नै छ । युवा शक्तिलाई देशभित्रै अवसर प्रदान गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो । लोकतान्त्रिक संस्कार, आचरणलाई व्यवहारमा उतार्दै अगाडिको बाटो तय गर्नु नै आजको अपरिहार्य आवश्यकता बनेको छ । नयाँ वर्ष २०८३ को अवसरमा आम नेपाली नागरिक सबैलाई हाम्रो शुभकामना ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

**मेष:** श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ बुद्धिका कारण लक्ष्य प्राप्त हुनेछ ।

**बृष:** अध्ययनमा विशेष प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ समय छ । नयाँ काम प्रारम्भ हुनेछ ।

**मिथुन:** आम्दानीका स्रोत पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ ।

**कर्कट:** विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । आँटेको लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक नेतृत्व हातलागि हुने सम्भावना छ ।

**सिंह:** कृषि, पशुपालन तथा घरेलु कामकाजमा फूलबारी र घरको साजसज्जामा समय बित्नेछ । टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन् ।

**कन्या:** मिहिनेतले सम्मानित स्थान दिला उन सक्छ बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

**तुला:** स्वास्थ्य कमजोर रहनेछ भने केही जुध्नु पर्नेछ । अशक्त अवस्थामा व्यस्तता बढ्नेछ । प्रतीक्षित नतिजा कमजोर हुनाले काम दोहोर्‍याउनुपर्ला ।

**बृश्चिक:** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ

**धनु:** अवसर र व्यवधानका बीचबाट कर्मफल प्राप्त हुनेछ । अरूको विश्वास जित्न केही समय लाग्नेछ । प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ


**मकर:** सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। मिहिनेतले राम्रो परिणाम प्राप्त हुनेछ । भौतिक साधन पनि जुट्नेछन् ।

**कुम्भ:** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ ।

**मिन:** अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । परिवारजनको साथ जुट्नाले सहज बनाउन सकिनेछ । भौतिक वस्तुहरू जुटाउन सकिनेछ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# भारतवर्षका केही प्रशिद्ध मन्दिरहरू



✍केशव प्रसाद खरेल
(अधिबक्ता) उपप्राध्यापक

**बद्रीनाथ मन्दिर :**

बद्रीनाथ मन्दिरमा साना र ठूला गरी १०८ वटा मन्दिरहरू छन् । बद्रीनाथ भारतको उत्तरा खण्डमा पर्दछ । उत्तराखण्डको चमोली क्षेत्रमा बद्रीनाथको मन्दिर छ। यो मन्दिर भगवान विष्णुसंग छ। चारधामहरुमध्ये यो एक पवित्र तीर्थस्थल हो। यस मन्दिरको छानो अनौठो किसिमको छ। छानो वास्तुकलाले परिपूर्ण छ भने मन्दिरमा ढुंगाको प्रयोग बढी भएको छ । बद्रीनाथमा वर्षको २ पटक मेला लाग्दछ । माता मूर्तिको मेला पनि प्रशिद्व छ । बद्रीनाथ र केदारमा अप्रिलदेखि नोभेम्वरसम्म मेला लाग्दछ र मन्दिर खुल्दछ ।

**सोमनाथ र द्वारका मन्दिर :**

द्वारका भारतको गुजरातमा पर्दछ। २ वटा समुन्द्रको बीचमा द्वारका र सोमनाथ मन्दिर अवस्थित छ। द्वारकाधिस मन्दिर चारधामहरुमध्ये यो पनि एक हो । यो मन्दिर भगवान कृष्णासंग सम्बन्धित मन्दिर गोमती नदीको किनारामा छ। द्वारकाको मन्दिर ५ तल्ले छ भने ७२ वटा ढुंगाको पिलरले मन्दिरको सम्पूर्ण भागलाई अड्याई रहेको छ । मन्दिर प्रवेश गर्नका लागि २ वटा ढोकाहरु रहेका छन्। प्रवेश गर्ने ढोकालाई स्वर्गको ढोका पनि भनिन्छ। ढोकामा देवताहरूको बिभिन्न आकृतिहरू राखिएको छ।

एउटा ढोकाभित्र पस्ने र अर्को ढोका वाहिर निस्कने ढोका हो। वाहिर निस्कने ढोकालाई मोक्ष ढोका पनि भनिन्छ। छानाको बिचमा सूर्य चन्द्रमा अंकित झण्डा राखिएको छ। झण्डा दिनको ५ पटक परिवर्तन गरिन्छ।

यो मन्दिर विश्व सम्पदाको सूचिमा परेको छ । सोमनाथ मन्दिरमा शिव अंकित छ । भारतवर्षमा १२ वटा ज्योर्तिलिंगहरु छन्। ति १२ वटा ज्योर्तिलिंगहरुमध्ये सोमनाथ मन्दिरको ज्योर्तिलिंग पनि एक हो । प्राचिन पुस्तकहरूमा सोमनाथको वर्णन गरेको पाइन्छ। शिवपुराण, स्कन्दपुराण, श्रीमद्भागवत् गीतामा पनि वर्णन गरिएको छ । चन्द्रमाबाट बचाउने हुनाले सोमनाथ भनिएको हो। शिवलाई खुशी पार्न सोमनाथ मन्दिर बनाई दिएको विश्वास गरिएको छ ।

**जगनाथ मन्दिर :**

जगनाथ मन्दिर उडिसाको पुरीमा पर्दछ । चारधामहरुमध्ये यो मन्दिर पनि पनि एक हो । यो मन्दिर भगवान कृष्णासंग सम्बन्धित मन्दिर हो। कृष्ण, बलभद्र (वीरभद्र) बहिनी सुभद्राको मन्दिर छ। यो मन्दिर पनि अन्य मन्दिरहरुभन्दा फरक छ । मन्दिरमा राखिएको मूर्तिमा ठूला आंखा बनाइएको छ। काठबाट बनेको हुनाले यसलाई दारू ब्रम्ह भनिन्छ। यहा रथ यात्रा पनि हुन्छ।

**अमृतसर मन्दिर :**

यो मन्दिर शिखजातीहरूको प्रिय र प्रशिद्व मन्दिर हो । यो मन्दिर यति भव्य छ कि पञ्जावमा रहेको स्वर्ण मन्दिरको यात्रा नगरी अन्य यात्रा गर्दा यात्राको अवधि अपूर्ण रहेको महसुस हुन जान्छ। यस भनाईबाट पनि यसको बनावट तथा महत्वको वर्णन गर्न कठिन लाग्दछ। श्रीहर मन्दिर साहेवलाई दरवार पनि भनिन्छ। यस मन्दिरको ४ शुरमा ४ वटा ढोकाहरू रहेका छन्। प्रत्येक ढोकाहरूले भक्तजनहरूलाई स्वागत् गरीरहेको महसुस हुन्छ। मन्दिरमा रहेका ढोका, तोरण, टुडाल, तोरणाका वास्तुकला ज्यादै आकर्षकयुक्त छ । मन्दिरलाई आकर्षणयुक्त बनाउनका लागि कृतिम तलाउ पनि बनाइएको छ। जुन तलाउ एकदम पवित्ररूपमा शिख जातीहरूले लिने गर्दछन् । गुरूनानक जयन्तिमा यहाा भव्यरूपको मेला लाग्दछ।

**काशी विश्वनाथ मन्दिर :**

काशीको विश्वनाथ मन्दिर उत्तर प्रदेशमा पर्दछ । भारतवर्षमा भएका १२ वटा ज्योर्तिलिंगहरुमध्ये काशीमा भएको विश्वनाथको ज्योर्तिलिंग पनि एक हो। जुन शिवको ज्योर्तिलिंग हो । काशीको विश्वनाथ मन्दिरको उत्पति गंगानदीको किनाराबाट भएको विश्वास गरिन्छ। विश्वनाथबाट आर्शीवाद लिन सकिने विश्वास गरिएको छ । यहाँ विशेषगरी महाशिवरात्रीको समयमा श्रद्वालु भक्तजनहरूको यहा ठूलो मेला लाग्दछ।

**केदारनाथ मन्दिर :**

भारतको उत्तराखण्डमा केदारनाथ मन्दिर छ। भगवान शिवको यो सबैभन्दा पुरानो मन्दिर हो। ५ पाण्डवहरूले नै केदारनाथ मन्दिर बनाएको विश्वास गरिन्छ । यो मन्दिरको ढोका ६/६ महिनामा मात्र खुल्दछ। हिमाली भागमा यो मन्दिर पर्ने हुनाले हिउँ बढी पर्दछ। अप्रिलदेखि नोभेम्वर महिनासम्म मात्र मन्दिरको ढोका खुल्दछ।

**यमुन्नोत्तरी मन्दिर :**

यमुना नदी हिन्दुहरुको लागि पवित्र नदी हो। यस नदीको किनारामा स्थापना भएको मन्दिर लाई पछि गएर यमुन्नोत्तरी मन्दिर भन्न लागिएको हो । यो मन्दिर भारतको उत्तराखण्डको उत्तर काशी जिल्लामा पर्दछ। भारतको यो प्रशिद्व मन्दिर हो । यस मन्दिरलाई सानो चारधामको रूपमा पनि मानिसहरू लिने गर्दछन्।

सानो भएता पनि यसको महिमा ज्यादै उच्च रहेको छ । यो मन्दिर ३२९१ फिटको उचाईमा निर्माण गरिएको छ। यमुन्नोत्तरी मन्दिरको कला कालो पत्थरवाट बनेको छ । जुन कलायुक्त छ भने यमुन्नोत्तरी मन्दिरलाई खर्सालीमा स्थानान्तरण गरिएको छ । यहाँ विशेष गरी हिन्दुधर्मावलम्बी तथा जैन सम्प्रदायका मानिसहरू दुवैले यहाँ आएर भक्तिपूर्वक पुजा/अराधना गर्दछन् । अकहित र दीपावलीमा यहाँ तातो पानीको फोहरा निकालिन्छ।

**श्रीडिगम्वरलाल मन्दिर :**

दिगम्वरलाल मन्दिर दिल्लीको चाँदनी चोकमा पर्दछ। जुन मन्दिर जैनधर्मावलम्वीहरूको लागि ज्यादै प्रशिद्व मन्दिर हो। रातो वालुवायुक्त मिसिएको ढुंगावाट मन्दिर बनेको छ । प्राप्त प्रमाणहरुको आधारबाट भन्न सकिन्छ कि मन्दिर १६ औं शताव्दिमा बनेको हो। यो मन्दिर दिल्लीको लालकिल्ला अगाडि छ।

लाल मन्दिर जैनहरूको ऐतिहासिक मन्दिर पनि हो । मन्दिर राम्रो पार्न साना मार्वलबाट बनाइएको छ । मन्दिरभित्र राखिएको देवता आदिनाथका देवता हुन्। महावीर राजकुमार हुन्। २४ औ तिर्थाङ्रले भगवानलाई खुशी पार्नका लागि प्रशस्त सम्पति दान गरेका थिए। मन्दिरको पहिलो तलालाई हलको रूपमा प्रयोग गरिएको छ।

हलपछि प्रवेश गर्ने ठाउँहरूमा पिल्लरहरूको व्यवस्था गरिएको छ। त्यहाँ जैनहरूको मठ पनि छ । १९३१ मा त्यहाँ घुम्न जानेहरूको यात्रा स्मरणअनुसार मठ देखेको वर्णन गरिएको छ । यहा बिरामी चराहरूलाई उपचार गर्न पशुपन्छिसम्बन्धि अस्पताल पनि छ । यहा बिशेष गरेर लोखर्केहरूको उपचार गरिन्छ, जुन कुरा जैनधर्म संग सम्बन्धित पुस्तकहरूमा स्पष्टरूपमा वर्णन गरिएको छ।

**गुलावको मन्दिर :**

वाहाई घरको पूजालाई गुलावको फूल आकारको सेतो मन्दिर भनिन्छ। जुन मन्दिरलाई सच्चाई, विश्वासको रूपमा लिने गरिएको छ । सेतो मार्वललाई गुलावको फूलको आकार दिइएको छ। दिल्लीको दक्षिण वाहापुर पर्वतमा यो मन्दिर छ। मन्दिरमा ७ वटा कमलका फूलको आकारका मन्दिरहरू छन् । मन्दिरको बनावटअनुसार निकै पछि निर्माण गरिएको विश्वास गरिन्छ। फूलको बगैचा आकर्षणयुक्त छ।

गुलावको फूललाई आधा गरेको जस्तो देखिन्छ। त्यहाँ मूर्तिहरू छैनन् प्रार्थना र ध्यान गर्ने ठूलाठूला हलहरू छन् । यस मन्दिरको वनावटअनुसार २० औं शताब्दिमा बनेको विश्वास गरिएको छ । बनावटको आधारमा यस मन्दिरले अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्न सफल भएको छ। कमलको फूलमा २७ वटा पत्रहरू छन्। ती पत्रहरू ९ सेटमा समावेस गरिएको छ। मन्दिरको वरिपरि ९ वटा आकर्षणयुक्त तलाऊहरू पनि छन्।

**स्वामीनारायण आकाशधाम मन्दिर :**

स्वामीनारायण आकाशधाम मन्दिरको निर्माण यमुना नदीको किनारामा पछिल्लो समयमा बनेको विश्वास गरिएको छ । यो मन्दिर १०० एकड भूमिमा फैलिएको छ । गुइनर नामक पुस्तकमा यस मन्दिरको वर्णन गरिएको छ । मध्यकालमा मन्दिरको निर्माण गरिएको प्राप्त डकुमेन्टले पुष्टि गरेको छ । जसलाई वास्तुकलाले पनि थप बल दिएको छ । यसका अतिरिक्त टुंडाल, तोरण, बनावटबाट सजिलैसंग अध्ययन गर्न सकिन्छ । मन्दिरको भित्रपट्टि इमेक्स, जादूगर, फोहरा, प्रदर्शन, स्वामीनारायण मन्दिर, बगैचा, हात्तीका मूर्तिहरू, शरीरबाट पानी निस्केका २० हजार मूर्तिहरू साह्रै हेर्न लायकका छन्। आकाशधाम मन्दिर हप्ताको एकदिन सोमवार मात्र बद रहन्छ।

**चत्तरपुर मन्दिर :**

यो मन्दिर उत्तर भारतमा पर्दछ । यो ऐतिहासिक तथा प्रसिध्द मन्दिर पनि हो । यो मन्दिर मेहरौलीबाट ४ किमि टाढा क्यूटुव माइनरमा पर्दछ । क्यूटुवमा ठूलो वगैचा पनि छ । यो मन्दिर सेतो मार्वलबाट बनाइएको छ। यो मन्दिर भारतको उत्तर पश्चिम वास्तुकलावाट प्रभावित भएको मन्दिर हो। मन्दिरभित्र मूल देवता दुर्गा हुन् जसलाई शक्तिको देवता पनि पनि भनिन्छ। दुर्गाको अतिरिक्त लक्ष्मी, शिव, विष्णु र गणेशका मुर्तिहरू पनि छन्।

यस मन्दिरको मूल पर्वमा १० लाख भक्तजनहरूको आगमन हुन्छ। नवरात्री र दुर्गा पुजामा भक्तजनहरूको ठूलो उपस्थिति रहन्छ । मन्दिर दर्शन गर्नका लागि घण्टौसम्म पनि भक्तजनहरू लाइनमा पक्तिबद्व हुन्छन्। हात गोडा धोयर यानी पुर्णरुपमा शुद्व भएर मात्र मन्दिर प्रवेश गर्न पाइन्छ।

**ईस्कन मन्दिर :**

यस्ता किसिमका मन्दिरहरु धेरै ठाउंमा स्थापना गरिएका छन्। सन् १९९८ मा दिल्लीमा स्कन मन्दिरको स्थापना गरिएको छ। यो मन्दिर उत्तर प्रदेशमा पर्दछ । उत्तरप्रदेशको वृन्दावन, मथुरामा जवान अवस्थाको कृष्णको मूर्ति राखिएको छ। इस्कन मन्दिरलाई कृष्ण बलरामको मन्दिर पनि भन्ने गरिन्छ । कृष्णलाई चैतन्य महाप्रभू बलराम पनि भनिन्छ।

***द्वारिकाधिस मन्दिर :***

मथुराको पूर्वी भागमा द्वारीकाधिस मन्दिर छ। यो मन्दिर ज्यादै हेर्न लायक किसिमको छ। यस मन्दिरमा राधा र कृष्णको मनमोहक चित्रहरु यत्रतत्र अंकित गरिएको छ। मन्दिरको आसपासमा अन्य हिन्दु देवीदेवताहरूको चित्र पनि अंकित छ। यहाँ विशेष गरी जन्माष्टमी, होलीपूर्णिमा, दिपावलीको अवसरमा धुमधामसंग मेला लाग्दछ। यस मन्दिरमा विशेष गरी १८ औं शताव्दिको वास्तुकलाले प्रभाव परेको देखिन्छ।

**नैनादेवी मन्दिर :**

बिलासपुर जिल्लाको नैनीताल नजिकमा नैनीदेवी मन्दिर छ । यो मन्दिर भारतको हिमाञ्चल प्रदेशमा पर्दछ । शिवालिक क्षेत्रमा पर्ने भएको हुनाले सर्वसाधारणका लागि आवत जावत गर्न गाह्रो छ। पर्यटकहरू २ किलोमीटर हिडेर वा गाडीबाट पनि यात्रा गर्ने गर्दछन् । मन्दिरसम्म जानका लागि केवुल कारको पनि व्यवस्था गरिएको छ। यस मन्दिरको आसपासमा हिन्दुधर्मसंग सम्बन्धित धेरै देवीदेवताहरू स्थापना गरिएका छन् । नैनादेवीको नामबाट नै गुफाको नाम पनि नैनादेवी गुफा राखिएको छ। नैनादेवीको समिपमा एउटा पिपलको बोट छ जुन बोट धेरै पुरानो भएको विश्वास गरिन्छ।

**मनसादेवी मन्दिर :**

भारतको चण्ढीगढको विलासपुर गाउंमा पञ्चकुलमा मनसादेवीको मन्दिर छ । त्यहाँ २ ठूला मन्दिरहरू छन् । मन्दिरको आसपासमा पवित्र वोट विरूवाहरू छन्। मन्दिर पञ्चयातना शेलीमा बनाइएको छ । यहा नवरात्रीमा ठूलो मेला लाग्दछ। २ दुईवटा मन्दिरहरूमध्ये पहिलो मन्दिर १८ शताव्दिमा बनेको हो भने दोश्रो मन्दिर त्यहांबाट २०० किमि टाढा पर्दछ। पतीला मन्दिर महाराज पतियालाले निर्माण गरेका थिए। मन्दिरको पिलरमा देवी देवताहरूको चित्र अंकित छ। जुन आकृतिहरू हेर्न लायक किसिमका छन्।

**देवी तलाव मन्दिर :**

पञ्जावको जालन्धर शहरमा मन्दिरको निर्माण गरिएको छ । आसपासमा धेरै मन्दिरहरू छन्।

*बांकी ३ पेजमा . . .*

# नेपालमा मानसिक स्वास्थ्य परिषद्को आवश्यकता

✍सुदीप घिमिरे

दाङकी रिता ढकाल (नाम परिवर्तन) बिगत ८ वर्षदेखि मनोविमर्शकर्ताकारूपमा काम गर्दै आउनु भएको छ। उहाँले मनोविज्ञानमा स्नातक तह पूरा गर्नुभएको छ र हाल त्रिभुवन विश्व विद्यालयमा 'काउन्सिलिङ साइकोलोजी' मा स्नातकोत्तर तह अध्ययनरत हुनुहुन्छ। उहाँको अनुभवले एउटा गम्भीर प्रश्न खडा गरिदिएको छ। कति पढेपछि मनोविमर्शकर्ता हुने हो ? कुन संस्थाको तालिम लिनुपर्ने हो ? कति वर्ष काम गर्नुपर्ने हो ? कसले मनोविमर्शकर्ताको पहिचान दिने हो ? यी रिताका मात्र जिज्ञासा होइनन्, यो देशभरका सयौं मनोविमर्शकर्ता र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत व्यक्ति तथा संस्थाहरूको साझा सवाल हो ।

जीवनकथासम्बन्धि अनुसन्धानात्मक दृष्टिकोणबाट हेर्दा रिताको कथा व्यक्तिगत संघर्ष मात्र नभएर देशकै मानसिक स्वास्थ्यको संरचनागत र नीतिगत अन्योलको कथा हो । रिताको ८ वर्षे मनोविमर्श सेवाको यात्रामा तालिम, शिक्षा, अनुभव र सेवाप्रतिको समर्पण त छ, तर पेसागत पहिचानको अभावले उत्पन्न असुरक्षा उत्तिकै छ ।

रिताकै साथी मनोविमर्शकर्ता सरिता थप्छिन्, 'समस्या हाम्रो क्षमतामा होइन, स्पष्ट नीति र लाइसेन्सिङ प्रणालीको अभावमा हो।' हुन पनि हो, नेपालमा मानसिक र मनोसामाजिक स्वास्थ्यसम्बन्धि नीति र रणनीति भए पनि ती एकीकृत र स्पष्ट मापदण्डसहित बनेका छैनन् । जसका कारण राज्यका निकायहरू 'जसले जे भन्यो, त्यही मार्ग' मा लागिरहेका छन्। फरक-फरक शैक्षिक मापदण्ड र योग्यताका आधारमा विज्ञापन खुल्ने तथा तालिम नलिएका व्यक्तिहरूलाईसमेत मनोविमर्शकर्ताका रूपमा नियुक्ति दिने काम भइरहेका छन्।

हाल 'एमफिल क्लिनिकल साइकोलोजी' पूरा गरेकालाई मात्र नेपाल स्वास्थ्य व्यवसायी परिषद्मार्फत् लाइसेन्स प्राप्त गर्ने व्यवस्था छ। अन्य मनोविमर्श कर्ता, विद्यालय मनोविमर्शकर्ता वा मनोसामाजिक कार्यकर्ताहरू भने पर्याप्त पढाइ र अनुभव भए पनि राष्ट्रिय मापदण्डविना नै कार्यरत छन् । यसले सेवाको गुणस्तर, पेसागत उत्तर दायित्व र सेवाग्राहीको सुरक्षामा प्रश्न उठाउँछ। साथै, प्रकाशित विज्ञापनहरूमा शैक्षिक योग्यता, अनुभव र तालिमको मापदण्ड फरक-फरक बनाइँदा थप अन्यौलता सिर्जना भएको छ।

नेपालमा हाल मनोसामाजिक कार्यकर्ता (केही दिनदेखि हप्ता दिनको तालिम लिएका), मनोविमर्शकर्ता (७८० घण्टाको तालिम लिएका), विद्यालय मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता, स्नातकोत्तर गरेका मनोविद्, मनोरोग नर्सहरू सक्रिय छन्, तर, सबैलाई औपचारिक लाइसेन्स वा मान्यता दिइएको छैन। रिता जस्तै धेरैले सरकारी, गैरसरकारी वा निजी संस्थामार्फत् सेवा दिइरहेका छन्, तर, उनीहरूको कार्यक्षेत्र, अधिकार र पेसागत जिम्मेवारी अस्पष्ट छ।

भारतले गत वर्ष मानसिक स्वास्थ्य सेवा, अधिकार संरक्षण र स्वास्थ्य प्रणालीभित्र उपचारको पहुँच सुनिश्चित गर्ने कानुनी रूपरेखा बनाई लागू गरेको छ। जसमा ५६ प्रकारका पेसाकर्मी, स्वास्थ्य सेवाप्रदायक र विद्यार्थीहरूलाई समेटिएको छ । यसलाई १० फरक क्षेत्रमा विभाजन गरिएको छ। सामुदायिक हेरचाह र व्यवहारसम्बन्धि विज्ञानभित्र मनोविद्, व्यवहार विश्लेषक, एकीकृत व्यवहार स्वास्थ्य मनोविमर्शकर्ता, स्वास्थ्य शिक्षा परामर्शकर्ता, सामाजिक कार्यकर्ता, एचआईभी मनोविमर्शकर्ता, मानसिक स्वास्थ्य सहयोगी र नैदानिक सामाजिक कार्यकर्ता भनी वर्गीकरण गरिएको छ। समुदायमा हुने लाञ्छनाबाट बचन त्यहाँ 'मानसिक स्वास्थ्य' भन्दा 'व्यवहारजन्य स्वास्थ्य' लाई बढी जोड दिइएको छ। यी सबैलाई विशिष्ट विशेषज्ञ र प्राविधिक वा सहयोगी स्तर भनी वर्गीकरण गरिएको छ। हरेक पदको शैक्षिक योग्यता, तह र तालिम स्पष्टरूपमा उल्लेख छ। सबै पेसालाई राष्ट्रिय आयोग र पेसागत परिषद्ले सूचीकरण गर्ने गर्दछ । काम गर्ने क्षेत्रहरू समुदाय, विद्यालय र अस्पताल तोकिएका छन्। मनोरोग चिकित्सक र क्लिनिकल मनोवैज्ञानिकलाई 'भारतीय पुन:स्थापना सम्बन्धि ऐन १९९२' ले नियमन र व्यवस्थापन गर्दछ, जसले अस्पताल र चिकित्सा क्षेत्रलाई बढी समेटेको पाइन्छ ।

भारतको नीतिलाई केलाउँदा हरेक क्षेत्रमा कार्यरत मनोविमर्शकर्ता वा मनोविद्को शिक्षा, तालिम र कर्तव्य स्पष्ट छ । नेपालमा पनि भारतमा जस्तै फरक-फरक शैक्षिक पृष्ठभूमि भएका जनशक्ति परिचालित छन्, तर उनीहरूलाई राज्यले एकीकृत रूपमा सूचीकरण गर्ने, तालिम र सुपरिवेक्षण गर्ने संयन्त्र छैन । भारतमा सामान्य प्राथमिक मनोवैज्ञानिक सहयोगको तालिम लिएकालाई समेत 'मानसिक स्वास्थ्य सहयोगी' भनी पहिचान दिइन्छ।

भुटानमा अलग्गै मानसिक स्वास्थ्यसम्बन्धि कानुन नभए पनि यसलाई सामान्य स्वास्थ्य सेवासँग जोडिएको छ। क्लिनिकल परामर्शकर्ता, विद्यालय परामर्शकर्ता र मानसिक स्वास्थ्य कार्यकर्ताजस्ता भूमिकाहरू स्वास्थ्य संरचनामा समावेश छन्। सबै स्वास्थ्य संस्थाहरूमा मानसिक स्वास्थ्य सेवा उपलब्ध छ। नागरिक समाजका संस्थाहरूले जिल्लास्तरमा समुदायमा मनोसामाजिक सहयोग गर्ने जिम्मेवारी पाएका छन्।

नेपालको सन्दर्भमा मानसिक स्वास्थ्यसम्बन्धि ऐन, नीति र रणनीति भए पनि कार्यान्वयन पक्ष फितलो छ। भुटानमा जिल्लास्तरका परामर्शकर्ताहरूको लाइसेन्स व्यवस्था नभए पनि स्थानीय तहले नै उनीहरूको नियमन र अनुगमन गर्दछ। विशेषज्ञका लागि भने लाइसेन्स अनिवार्य छ। अमेरिकामा मानसिक स्वास्थ्य काउन्सिलरहरूको लाइसेन्सिङ प्रक्रिया राज्यस्तरमा हुन्छ। त्यहाँ अनिवार्य शैक्षिक योग्यता, निश्चित घण्टाको सुपरिवेक्षण (सुपर भिजन) अभ्यास, लाइसेन्स परीक्षा र निरन्तर व्यावसायिक विकासको स्पष्ट संरचना छ। पढाइ र सुपरिवेक्षणलाई उच्च प्राथमिकता दिइने भएकाले सेवाको गुणस्तर र पेसागत उत्तरदायित्व बलियो मानिन्छ । यद्यपि, नेपालको शैक्षिक अवस्था र सीमित जनशक्तिका कारण अमेरिकाकै जस्तो कडा नीति तत्काल लागू गर्न कठिन हुन सक्छ । यी देशहरूको अभ्याससंग तुलना गर्दा नेपालमा सबैभन्दा ठूलो चुनौती भनेको एकीकृत सूचीकरण, स्पष्ट मापदण्ड र प्रभावकारी नियमनको अभाव नै हो । रिताको कथा यसै संरचनागत कमजोरीको प्रतिनिधित्व हो। उहाँजस्ता पेसाकर्मीहरूले सेवा दिइरहेका छन्, तर, राज्यबाट औपचारिक पहिचान, सुरक्षा र वृत्ति विकासको मार्ग पाएका छैनन्।

नेपालको मानसिक स्वास्थ्य प्रणाली सुधार गर्न पेसागत वर्गीकरण र कार्यक्षेत्र स्पष्ट गर्नुपर्छ। मनोसामाजिक कार्यकर्ता, मनोविमर्शकर्ता, विद्यालय मनोविमर्शकर्ता, मनोविद्, सामाजिक कार्यकर्ता र मनोरोग नर्सहरूको योग्यता, तालिम र जिम्मेवारी तोकिनुपर्छ । यसका लागि 'मानसिक स्वास्थ्य परिषद् नेपाल' वा 'मानसिक स्वास्थ्य आयोग' गठन गरी सबै पेसाकर्मीहरूको सूचीकरण, लाइसेन्सिङ र आचारसंहिता अनुगमन गर्नु आवश्यक छ। साथै न्यूनतम योग्यता, अनिवार्य सुपरिवेक्षण र निरन्तर व्यावसायिक विकास प्रणाली लागू गरिनुपर्छ। यस्ता निकायहरूमा गैरसरकारी संस्था वा अन्य निकायहरूको अनावश्यक हस्तक्षेप कम गरिनुपर्छ ।

नेपालमा मानसिक स्वास्थ्य समस्या र आत्महत्याको दर बढ्दो छ । राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०२१ मा गरेको सर्वेक्षण अनुसार लगभग १० प्रतिशत वयस्क र किशोर किशोरीले मानसिक विकारको अनुभव गरेका छन् भने ७.२ प्रतिशतमा आत्महत्यासम्बन्धि विचार वा प्रयास देखिएको छ ।

*साभार : स्वास्थ्यखबर*

# अनुदान प्रणाली साना र नयाँ किसानका लागि 'चक्रव्यूह'



काठमाण्डौं/कृषि अनुदानमा राज्यले बर्सेनि अर्बौं लगानी गरि–रहेको छ, तर वास्तविक किसानले अनुदान पाउनु फलामको चिउरा चपाउनु सरह बनेको छ। किसानहरूलाई तीन तहकै सरकार ले अनुदान दिने गरेको छ। अनुदान प्रणाली व्यवस्थित नहुँदा किसानहरू अलमलमा छन्।

साना किसान र नयाँ किसानहरूलाई झन् कठिन छ। अनुदान प्रणाली र यसले किसानलाई भएको समस्याको विषयमा खाद्यका लागि कृषि अभियानका अभियन्तासमेत रहेका युवा कृषक दीपेश नेपालसँग रातोपाटीले गरेको कुराकानी :

नेपालमा हाल कार्यान्वयनमा रहेको कृषि अनुदानको समग्र प्रणाली कस्तो छ ? के यसले वास्तविक किसानलाई समेट्न सकेको छ ?

अहिलेको सबैभन्दा ठुलो समस्या नै यहीँबाट सुरु हुन्छ। नेपालमा कृषि अनुदानको कुनै 'एकद्वार प्रणाली' छैन। अनुदान वितरण गर्ने प्रक्रिया एकदमै छरिएको र अस्पष्ट छ। संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह- सबैका आफ्नै कार्यविधि र आफ्नै तरिका छन्।

किसानहरू अलमलमा छन्। कुन अनुदान स्थानीय तहबाट पाइन्छ, कुन प्रदेशबाट र कुन सङ्घबाट भन्ने कुरामा स्वयं सरकारी कर्मचारी पनि प्रस्ट छैनन्। प्रणाली यस्तो छ कि जसको पहुँच छ, उसैले सूचना पाउँछ र उसैले अनुदान हात पार्छ। वास्तविक किसान, जो खेतबारीमा व्यस्त छ, उसलाई कुन बेला कुन अनुदानको फारम भर्ने भन्ने जानकारी नै हुँदैन। त्यसैले अहिलेको प्रणालीले वास्तविक किसानभन्दा पनि 'कागजी किसान' वा पहुँचवालालाई बढी फाइदा पुऱ्याइ–रहेको देखिन्छ।

स्थानीय, प्रदेश र सङ्घीय सरकारले दिने अनुदानमा कस्तो भिन्नता छ ? यिनीहरूको कार्यविधि कसरी चलिरहेको छ ? संघीयताको कार्यान्वयनसँगै अनुदान वितरणमा पनि तीन तहका सरकार सक्रिय छन्, तर यिनीहरूबिच समन्वयको ठुलो खाडल छ। अहिले सङ्घीय सरकारले साना वा खुद्रा अनुदानहरू प्रत्यक्ष वितरण गर्दैन। यसले मुख्यतया ठुला आयोजनाहरू र 'राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना' मार्फत काम गर्छ। संघले विशेष गरी ठुला मेसिनरी र रणनीतिक क्षेत्रमा काम गर्छ। प्रदेशले आफ्ना जिल्लास्थित 'कृषि ज्ञान केन्द्र' मार्फत अनुदान वितरण गर्छ। प्रदेशको आफ्नै बजेट र कार्यविधि हुन्छ। कोशी प्रदेश वा बागमती प्रदेशका आ-आफ्नै प्राथमिकताहरू छन्।

स्थानीय सरकारले आफ्नै कार्यविधि बनाएर साना मेसिनरी (जस्तै मिनी टिलर), बिउबिजन र साना पूर्वाधारमा अनुदान दिन्छन्। समस्या के छ भने, एउटै प्रकृतिको कामका लागि किसानले तीन वटै तहमा धाउनुपर्ने वा कतैबाट पनि नपाउने स्थिति छ। कतिपय अवस्थामा एउटै व्यक्तिले तीनै तहबाट अनुदान लिने र कतिपयले कतैबाट पनि नपाउने 'डुप्लिकेसन' को समस्या पनि व्याप्त छ। कृषि मेसिनरीहरूमा दिइने अनुदानमा कस्ता खालका अनियमितता र समस्या छन् ?

मेसिनरी अनुदान अहिले सबैभन्दा बढी 'मनलाग्दी' भएको क्षेत्र हो। हाम्रो कार्यविधिले मेसिनरीलाई आवश्यकताका आधारमा दिनुपर्ने भन्छ, तर व्यवहारमा यो 'मागमा आधारित' भनिए तापनि राजनीतिक प्रभावमा वितरण गरिन्छ।

धेरै ठाउँमा ५० देखि ८५ प्रतिशतसम्म अनुदानमा मेसिनरी वितरण गरिन्छ, तर समस्या यहाँ छ कि, किसानले मेसिन त पाउँछन् तर त्यसको मर्मत सम्भार गर्ने ठाउँ हुँदैन वा त्यो मेसिन उसको भूगोलका लागि उपयुक्त हुँदैन। कतिपय अवस्थामा त अनुदानमा पाएको मेसिन सस्तोमा बेचेर पैसा खल्तीमा हाल्ने 'व्यापारी किसान'हरू पनि जन्मिएका छन्। मेसिनरी अनुदान दिँदा त्यसको वास्तविक उपयोगिता र प्राविधिक पक्षलाई भन्दा पनि सङ्ख्यालाई बढी जोड दिइने हुनाले यो प्रभावकारी हुन सकेको छैन।

***किसानहरूले विशेष गरी कस्तो प्रकारको अनुदान रुचाउँछन् र किन ?***

यदि तपाईंले फिल्डमा गएर सामान्य किसानलाई सोध्नुभयो भने उनीहरू 'ऋण अनुदान' वा 'ब्याज अनुदान' बढी रुचाउँछन्। यसको मुख्य कारण भनेको 'नगद प्रवाह' हो। जब किसानले सहुलियतपूर्ण ऋण पाउँछ, उसले आफ्नो आवश्यकता अनुसार लगानी गर्न पाउँछ। कसैलाई टनेल हाल्नुपर्ने होला, कसैलाई दाना किन्नुपर्ने होला, तर मेसिनरी अनुदानमा सरकारले जे दियो, त्यही लिनुपर्ने बाध्यता हुन्छ।

ऋण अनुदानमा किसान अलि बढी जिम्मेवार पनि हुन्छ किनभने उसले सावाँ फिर्ता गर्नुपर्ने हुन्छ, तर यहाँ पनि एउटा जोखिम छ- धेरैले कृषिको नाममा सस्तो ब्याजमा ऋण लिने र त्यो पैसा जग्गा प्लटिङ वा अन्य व्यापारमा लगाउने गरेका छन्। यसको नियमन एकदमै फितलो छ।

प्रदेश अनुसार अनुदानका नीतिहरू फरक-फरक छन् भन्नुभयो, केही उदाहरण दिन सक्नुहुन्छ ?

हो, प्रदेशहरूबिच अनुदानको मोडलमा भिन्नता देखिन थालेको छ। उदाहरणका लागि कोशी प्रदेशलाई हेरौँ। कोशी प्रदेशले पछिल्लो समय 'जिन्सी अनुदान' (मेसिनरी आदि) भन्दा 'ब्याज अनुदान'मा बढी जोड दिने नीति अवलम्बन गरेको छ। यसले गर्दा मेसिन बाँड्दा हुने भ्रष्टाचार र बेथिति कम हुन्छ भन्ने उनीहरूको बुझाइ छ।

यता बागमती प्रदेश र अन्य प्रदेशमा भने 'हाइब्रिड मोडल' छ। उनीहरू मेसिनरी पनि बाँड्छन् र ब्याजमा पनि अनुदान दिन्छन्। कर्णाली प्रदेशमा केही समय अगाडि ब्याज अनुदानको चरम दुरुपयोग भएको गुनासो आएपछि सरकारले केही समयका लागि यसलाई रोकेर फेरि नयाँ ढंगले सुरु गरेको छ। यसरी हेर्दा, एउटै देशमा किसानले पाउने सुविधा प्रदेश अनुसार फरक-फरक र अस्थिर छ। उत्पादनमा आधारित अनुदान को चर्चा धेरै हुन्छ, यो वास्तवमा के हो र नेपालमा यसको अवस्था कस्तो छ ?

उत्पादनमा आधारित अनुदान भनेको किसानले जति उत्पादन गर्छ, त्यसको आधारमा राज्यले प्रोत्साहन रकम दिने प्रणाली हो। यो सबैभन्दा वैज्ञानिक र पारदर्शी मोडल मानिन्छ। यसमा किसानले सुरुमा अनुदान पाउँदैन, बरु उसले उत्पादन गरेर बजारमा बेचिसकेपछि प्रतिकिलो वा प्रतिलिटरका हिसाबले पैसा पाउँछ। तर कृषिलाई सुधार्ने हो भने यो मोडलमा जानुको विकल्प छैन।

# भारतवर्षका केही प्रशिद्ध . . .

२ पेजको क्रमश :

उमरनाथवाट देवी तलाव मन्दिरसम्म यात्रा गरिन्छ। पवित्र पानीका फोकाहरू, झर्नाहरू कृतिमरूपले वनाइएका छन्। त्यहाँ हरिवल्लभ संगित पनि हुन्छ।

**पञ्च मन्दिर :**

यो मन्दिर पञ्जावको कपूर थलामा पर्दछ। पञ्च मन्दिरमा साना ठूला गरी ५ वटा मन्दिरहरू छन्। ती ५ वटा मन्दिरमा विभिन्न देवी देवताहरूको मूर्तिहरू राखिएको छ। त्यो मन्दिरको कला आकर्षणयुक्त छ। त्यसैले विभिन्न ठाउंबाट मानिसहरू कला सिक्न त्यहाँ आउने गर्दछन्। यो मन्दिर फेच सिंह अहलुवाइले स्थापना गरेको विवरण त्यहाँवाट प्राप्त अभिलेखवाट पुष्टि भएको छ। मन्दिर सेतो छ। जसवाट सुखी र शुद्वताको बोध हुन्छ।

गोविन्द देवीजी मन्दिर :

भारत राज्यको जयपुरमा गोविन्द देवीजी मन्दिरको स्थापना गरिएको छ। यस मन्दिरको इतिहास निकै पुरानो भएको विश्वास गरि–एको छ। यस मन्दिरको विविध पक्षले पर्यटकहरूलाई आकर्षित गर्दछ। जयपुरको चन्द्रमहल बदाल महलको नजिकै पर्दछ। गोविन्दजी श्रीकृष्णाको नाम हो।

महाराज सचाई जयसिंहले कृष्णाको मूर्ति वृन्दावनवाट ल्याएर स्थापना गरेको किंवदन्ति छ। सपनामा गोविन्दजीले जयपुरमा ल्याएर मूर्ति स्थापना गर्न सल्लाह दिए मुताविक नै स्थापना गरिएको उल्लेख गरिएको छ। मन्दिरको निर्माण भने राजमान सिंहले गरेका हुन्।

दिलवाराजैन मन्दिर :

दिलवाराजैन मन्दिरलाई मार्वल मन्दिरको रूपमा पनि लिने गरिएको छ। यो मन्दिर ११ शताब्दिदेखि १३ शताब्दिको बिचमा वनेको हुनु पर्दछ। जैनहरूको ऐतिहासिक मन्दिर हो। प्रशस्त आंपका बोटविरूवाहरू रहेका छन्। यस मन्दिरको नजिकै आवु पर्वत छ। आवु पर्वतमा ऊ शान्तिको केन्द्रीय ईश्वरीय विश्वविद्यालय पनि रहेको छ।

यस मन्दिरमा विशाल पर्खाल वनाइएको छ। यस मन्दिरले सूर्यको किरणलाई परावर्तन गर्दछ। मन्दिरको वास्तुकलामा सुर्यको किरण हेर्न लायकको देखिन्छ। जो मानिसहरू राजस्थान तथा माउन्ट टापु घुम्न जान्छन्, वहाँहरूले एकपटक दिलवारा जैन मन्दिरमा अवश्य पनि घुम्न जानै पर्दछ। यदि गइएन भने वहाँहरूको यात्रा अधुरो नै रहनेछ।

**सांची स्तुप :**

साँची स्तुप भनेको वौद्वधर्मसंग सम्बन्धित वस्तु हो। यो पुरानो स्तुप हो। साँची स्तुप तेश्रो शताव्दिको भएको विश्वास गरिएको छ। मध्यप्रदेशको बिचमा पर्दछ। यो स्तुप विश्व सम्पदाको सूचिमा समावेस भएको छ। यो स्तुप सम्राट अशोकले वनाएको हो। यस स्तुपको वास्तुकला कलायुक्त छ। यस स्तुपमा ४ ढोकाहरू छन्। चारैवटा ढोकाहरू कलायुक्त छ। स्तुपको भित्री भागमा वुद्वको १६ मिटर उचांइ र ३७ मिटर चौडाईको मन्दिर छ।

**गंगोत्री मन्दिर :**

गंगा नदी पवित्र नदी हो। पवित्र नदी भएको हुनाले श्रद्वालु भक्तजनहरू यहाँ स्नान गर्न आउंछन्। यहाँ नुहाउनाले मोक्ष प्राप्त हुन्छ भन्ने कहावत् छ। यो मन्दिरको निर्माण १८ शताव्दिमा भएको हो। सेतो ग्रेनाइट ढुंगावाट यसको निर्माण भएको हो। सेतो ढुंगाबाट बनाइएको हुनाले गंगोत्री नदी भनिएको हो। यो मन्दिर गंगानदीको किनारामा पर्दछ। मन्दिरभित्र माताको मूर्ति रहेको छ। जसलाई शक्तिको प्रतिकको रूपमा लिने गरिएको छ। विशेषगरी अप्रिल महिनामा श्रद्वालु भक्तजनहरू माताको दर्शनको लागि आउंछन्।

**वैष्णोदेवी मन्दिर :**

वैष्णोदेवी मन्दिर करिव ५,२०० फिटको उचाईमा पर्दछ। विशेष गरी तिरूकुटमा पर्दछ। यस देवीलाई शक्तिको देवी पनि भनिन्छ। ५१ वटा शक्तिपीठहरुमध्ये वैष्णोदेवी मन्दिर पनि एक हो। मन्दिरमा ३ वटा चट्टानका टाउकाहरू बनाएर देखाइएको छ। ती चट्टानका टाउकाहरूलाई पिनडाइज भनिने प्रचलन पनि छ। वैष्णोदेवी मन्दिरको बारेमा जाने सोचाई राखि सकेपछि ढिलो चांडो अवश्य पनि जानु पर्ने हुन्छ। यो मन्दिर धार्मिक श्रद्वालु भक्तजनहरूको लागि संधै खुला रहन्छ। यहाँ विशेष गरी नवरात्रीमा ठूलो मेला लाग्दछ।

**रामनाथ स्वामी मन्दिर :**

भगवान शिवको १२ वटा ज्योतिलिंगहरुमध्ये रामनाथ स्वामीको मन्दिरमा भएको शिवको ज्योर्तिलिंग पनि एक हो। यो मन्दिर तामिल नाडुमा पर्दछ। शैवमार्गी तथा वैष्णव मार्गी दुवैको लागि यो मन्दिर आकर्षणयुक्त मन्दिर हो। भगवान रामले रावणसंग भएको युद्वमा विजय पाउनको लागि शिवको अराधना गरेको प्रसंगलाई यहाँ समावेस गरि–एको छ।

रामले हनुमानलाई लिंगम् लिन पठाउनु भएको हो। शिताले पनि शिवलिंग वनाउनु भएको प्रमाण बिभिन्न ग्रन्थहरुमा भेटिएको छ। सिताले बनाएको शिवलिंग मन्दिर भित्र राखिएको छ जसमध्ये एउटा सानो लिंग पनि छ। जसलाई रामलिंग पनि भनिएको छ। हनुमानले ल्याएको लिंगम्लाई विश्वलिंगम् भनिएको छ। यहाँ विशेष गरी महाशिवरात्री तथा नवरात्रीमा ठूलो मेला लाग्दछ।

**तिरूमाला वेनकाटेश्वर मन्दिर :**

यो मन्दिर आन्ध्रप्रदेशमा पर्दछ। मन्दिरभित्र भगवान वेनकाटेश्वरको मूर्ति रहेको छ। वेनकाटेश्वरलाई भगवान विष्णुको अंशको रूपमा लिईने प्रचलन छ। यस मन्दिरको अवलोकन तथा दर्शनका लागि दिनमा सरदर ५० हजारदेखि १ लाखसम्म मानिसहरू आउने गर्दछन्। अन्य मन्दिरहरुभन्दा यस मन्दिरमा राखिएका अभिलेख आकर्षणयुक्त छन्। मन्दिरको भित्तामा धेरैं अभिलेखहरू राखिएका छन्। जसबाट सर्वसाधा–रणहरूलाई हरेक कुरा अध्ययन गर्न सजिलो भएको छ। शासकहरूको सूचि पनि प्रस्तुत गरिएको छ। यहाँ विशेष गरी ब्रम्होत्सवम् मेला हरेक वर्षको सेप्टेम्वर महिनामा लाग्दछ।

**श्रीदी मन्दिर :**

यो मन्दिर महाराष्ट्रमा पर्दछ। यो मन्दिर साइवावासंग सम्बन्धित छ। भारतमा भएका मन्दिरहरुमध्ये सबैभन्दा धनी मन्दिर हो। साइवावा महात्मा हुन्। श्रद्वा महान् आदर्श र विश्वास पनि हो। सावुरी भनेको सोचाई हो। रामनवमी, गुरूपूणिमा र विजयदशमीको दिन यहाँ ठूलो मेला लाग्दछ। संयुक्त राज्य अमेरिका, मलेसिया, सिंगापुर, यूनाइटेड अरव, अष्ट्रेलियासम्म साईवावाको विचार फैलिएको छ। यसको यात्रा बम्बइबाट शुरूवात् मानिदै आएको छ।

*: समाप्त :*

# सरकारको डिजिटल हमला एकैपटक १० हजार सट्टेबाजी एप र वेबसाइट बन्द

काठमाण्डौं/सट्टेबाजीसँग सम्बन्धित १० हजारभन्दा बढी एप्लिकेसन (एप) र वेबसाइट (यूआरएल) बन्द गरिएको छ। नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गरि–एको हो।

'सबैजसो इन्टरनेट सेवा प्रदायकले हालसम्म १० हजारभन्दा बढी यस्ता एप र वेबसाइट बन्द गरिसकेको जानकारी गराएका छन्। नेपाल टेलिकमले सबैभन्दा धेरै २१ हजारभन्दा बढीको सङ्ख्यामा बन्द गरेको छ, यस्ता एप र वेभसाइट निरन्तर पहिचान गर्ने र बन्द गर्ने क्रम चलि–रहेको छ', लामिछानेले भने।




सरकारको शासकीय सुधार सम्बन्धि निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिक–रणले इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा यस्तो कदम चालेको हो। मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धि १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने व्यवस्था गरिएको छ।

सोही निर्णयअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चैत १५ गते मन्त्रीस्तरबाट नेपाल दूरसञ्चार प्राधिकरणलाई आवश्यक निर्देशन दिएको थियो। उक्त निर्देशनपछि प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको जनाएको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन नपाइने व्यवस्था छ। उक्त प्रावधान उल्लङ्घन गरेमा सोही दफाको उपदफा (६) अनुसार प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनसक्ने व्यवस्था छ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले समेत जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ। सो विपरीत कसुर गरेमा प्रचलित कानुनअनुसार सजाय हुने र अन्यथा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुने प्रावधान रहेको छ।

सरकारले नेपालभर सञ्चालनमा रहेका सट्टेबाजी एप तथा वेबसाइट प्रयोग नगर्न तथा सञ्चालन नगर्न आग्रह गरेको छ। साथै, कसैले अनधिकृत रूपमा यस्ता गतिविधि सञ्चालन वा प्रयोग गरेको पाइएमा सम्बन्धित निकायबाट कडा कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ।

प्राधिकरणले नागरिकलाई सचेत रहन, यस्ता अवैध डिजिटल गतिविधिबाट टाढा रहन तथा कुनै पनि शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ।

# आर्थिक गणना सुरु

काठमाडौं/देशभर बुधबारदेखि दोस्रो आर्थिक गणना सुरु भएको छ। त्यसका लागि देशभर नै गणक तथा आवश्यक सुपरिवेक्षक सम्बन्धित क्षेत्रमा पुगिसकेका राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ।

कार्यतालिकाअनुसार स्थलगत तथ्यांक संकलनको काम आगामी असारको पहिलो साताभित्र सम्पन्न हुनेछ। गणनाका लागि करिब पाँच हजार जनशक्ति परिचालित गरिएका छन्। गणनामा आर्थिक क्षेत्रका १८ वटा क्षेत्रको आधारभूत विवरण संकलन हुनेछ। गणनाबाट उद्योग, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी क्षेत्र सार्वजनिक संस्थाको संख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण संकलनको उद्देश्य राखिएको छ।

देशभर रहेका दर्ता भए, नभएका ठूला साना, व्यापार प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार प्रतिष्ठानको तथ्यांक संकलन गरिने छ। त्यस्तै, उद्योग, कलकारखाना, व्यापार र व्यवसाय, गैरसरकारी संघसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल लगायतको गणना गरिनेछ।

उक्त गणनाको प्रतिवेदन आर्थिक वर्ष २०८३/८४ मा सार्वजनिक गरिने कार्यालयका उप प्रमुख तथ्यांक अधिकारी ढुण्डिराज लामिछानेले जानकारी गराए।

# मन्त्री बन्न नपाएको झोंकमा राजीनामा



काठमाडौं/गण्डकी प्रदेशसभाका एक सांसद्ले मन्त्री बन्न नपाएको झोंकमा सांसद् पदबाट राजीनामा दिएका छन्। नेपाली कांग्रेसबाट निर्वाचित गण्डकी प्रदेश सांसद् दोर्णकुमार कुँवरले मन्त्री बन्न नपाएपछि बुधबार सांसद् पदबाट राजीनामा दिएका हुन्। प्रदेशसभा सभामुखलाई सम्बोधन गरी पत्र लेख्दै उनले बुधबारदेखि नै लागु हुने गरी राजीनामा दिएका छन्। कुँवरले राजीनामाको बोधार्थ पार्टी केन्द्रीय सभापति र प्रदेश संसदीय दलका नेतालाई दिएका छन्।

कांग्रेसस्रोतका अनुसार गण्डकी सरकारमा बुधबार मन्त्रिपरिषद् हेरफेर हुँदा कुँवर मन्त्री बन्ने लबिइङमा थिए। मुख्यमन्त्री एवम् दल नेता सुरेन्द्रराज पाण्डेले उनलाई मन्त्री बनाउन इन्कार गरेपछि राजीनामा दिएको कांग्रेस गण्डकीका एक सांसद्ले जानकारी दिए। 'मन्त्री हुन नपाउनुभएको झोंकमा उहाँले राजीनामा दिनुभएको जस्तो लाग्छ,' ती सांसद्ले भने-आवेशमा दिनुभएको राजीनामा फिर्ता गर्नुहुन्छ भन्ने हामीलाई विश्वास छ।

२०७९ को प्रदेशसभा निर्वाचनमा कुँवर बागलुङ-२ (ख) बाट सांसद् निर्वाचित भएका थिए। राजीनामापत्रमा उनले आफूलाई मत दिएर विजयी गराउने मतदाता र अवसर दिने पार्टी नेतृत्वलाई धन्यबाद दिएका छन्।

मतदाताको विश्वासअनुसार पूर्णकार्यकाल सम्पन्न गर्न नसकेकोमा उनले क्षमा पनि मागेका छन्। 'आमनागरिकको विश्वास र भरोसालाई पूर्णकार्यकाल सम्पन्न गर्न नसकेकोमा क्षमाप्रार्थी छु,' उनले राजीनामापत्रमा भनेका छन्- म कुनै सार्वजनिक पदमा नरहे पनि मेरो सेवाको सुकर्ममा कुनै कमी रहने छैन।

गण्डकी प्रदेशमा बुधबार नेपाली कांग्रेस र नेकपा एमालेको सहमतिअनुसार मुख्यमन्त्रीबाहेक सबै मन्त्री हेरफेर भएका छन्। मुख्यमन्त्री कार्यालयका अनुसार नेपाली कांग्रेसबाट जीत शेरचन आर्थिक मामिला मन्त्री, नन्दप्रसाद न्यौपाने ऊर्जा तथा खानेपानी मन्त्री, रेखा गुरुङ सामाजिक विकास मन्त्री र नम्दु गुरुङ वन तथा वातावरण मन्त्री नियुक्त भएका छन्।

एमालेबाट गोबिन्दबहादुर नेपाली भौतिक पूर्वाधार विकास मन्त्री, यशोदा रिमाल उद्योग तथा पर्यटन, लक्ष्मण पाण्डे कृषि, भूमि व्यवस्था तथा सहकारी र भीम कार्की स्वास्थ्य मन्त्री नियुक्त भएका छन्। उनीहरुलाई प्रदेश प्रमुख डिल्लीराज भट्टले बुधबार शपथग्रहण गराइसकेका छन्।

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग
**नापी कार्यालय, मकवानपुर, हेटौंडा**

## शिलबन्दी बोलपत्र आह्वान सूचना

सूचना प्रकाशित मिति : २०८३/०१/०३ गते

यस कार्यालयको जिन्सी खातामा आम्दानी बाधिएका एवम् जेन-जी प्रदर्शनका क्रममा आगलागी तथा तोडफोड भएका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा लिलाम बिक्री गरिने भएकोले इच्छुक नेपाली नागरिक, संघ/संस्था वा फर्महरुले सूचना प्रकाशित मितिले ३ (तीन) भित्र बोलपत्र खरिद गरी आफुले कबोल गर्ने मूल्य खुलाई शिलबन्दी गरी नापी कार्यालय हेटौंडामा दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

- जिन्सी सामानहरुको विवरण: कार्यालयमा आगजनी भई चालु अवस्थामा नरहेका सामानहरु।
- जिन्सी सामानहरुको न्युनतम मूल्य रु.१,३५,०५०।- (मू.अ.कर बाहेक)
- बोलपत्र फाराम यस कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित मितिले ३ (तीन) दिनभित्र कार्यालय समयमा फिर्ता नहुने गरी रु.१००० (अक्षेरेपी एक हजार रुपैया मात्र) ने.बै.लि.को राजश्व खाता नं. ००१०१०००००००१ ००१००१ मा यस कार्यालयको कोड नं. ३३६०२३२०१ र राजश्व शीर्षक नं. १४२१२ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर बुझाई खरिद गर्न सकिनेछ।
- इच्छुक फर्मको दर्ता प्रमाण पत्र वा व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न राखि बोलपत्र फाराम खरिदका लागि निवेदन पेश गर्नु पर्नेछ।
- लिलाममा भाग लिन इच्छुक व्यक्ति तथा संघ/संस्थाले आफुले कवोल गर्ने मूल्यको १०% ले हुन आउने रकम धरौटी खातामा जम्मा गरेको हुनु पर्नेछ।

धरौटी जम्मा गर्ने खाताको विवरण :
बैंक: नेपाल बैंक लिमिटेड सिटी अफिस हेटौंडा
खाता नं.: ०२५०१००००२००३०००००१
खाताको नाम: नापी कार्यालय मकवानपुर
धरौटी खाता कार्यालय कोड: ३३६०२३२०१


- बोलपत्र प्रकाशित मितिले चौथो दिन मिति २०८३/०१/०६ गते दिउंसो १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सर्न सक्नेछ।
- दर्ता भएका बोलपत्रहरु चौथो दिन मिति २०८३/०१/०६ गते दिउंसो १:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा कार्यालयमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
- लिलाम सकार गर्ने व्यक्ति, संघ संस्था, फर्महरुले ३ (तीन)भित्र कबोल गरिएको सम्पूर्ण राजश्व रकम, सोमा लाग्ने १३% मूअक रकम ने.बैं लि.मा जम्मा भएको सक्कल बैंक भौचर पेश गरी सामान उठाई लैजानु पर्नेछ।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# मकवानपुरको थाहा अब 'आरोग्य थाहा'



सन्देश संवाददाता

हेटौंडा/विश्वभर बुधबार विभिन्न कार्यक्रमसाथ अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाइएको छ। समग्र स्वास्थ्य, सुख र सन्तुलित जीवन शैली प्रवर्द्धन गर्ने उद्धेश्यले संयुक्त राष्ट्र संघको महासभाले अप्रिल १५ तारिकलाइ अन्तर्राष्ट्रिय आरोग्य दिवसका रुपमा घोषणा गरेपछि नेपालमा पहिलो पटक औपचारिकरुपमा दिवस मनाइएको हो।

नेपालकै प्रस्तावमा उक्त दिवस अन्तर्राष्ट्रियरुपमा अनुमोदन भएपछि देशभर यसको महत्व झन् बढेको छ। सोही सन्दर्भमा मकवानपुरको थाहा नगरपालिकाले पनि 'आरोग्य थाहा' अभियानअन्तर्गत् विशेष कार्यक्रम आयोजना गर्दै पहिलो अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाएको छ। नगरपालिकाले कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरी योजनाबद्धरुपमा कार्यक्रम सञ्चालन गरेको जनाएको छ।

नगर प्रमुख विष्णुबहादुर बिष्टले थाहा नगरपालिकाले विगतदेखि नै शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन र पूर्वाधार विकासका क्षेत्रमा प्राथमिकतासाथ काम गर्दै आएको उल्लेख गर्दै अब आरोग्य नगर निर्माणलाई नयाँ अभियानका रुपमा अघि बढाइएको बताए। उनले स्थानीय सरकारको पहलमा नागरिकको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउने लक्ष्य राखिएको बताए।

कार्यक्रममा नगर उपप्रमुख भरत गोपालीले आरोग्य नगर निर्माणलाई दीर्घकालीन लक्ष्यका रुपमा अघि सारिएको जानकारी दिए। उनले भने–हामीले विकासलाई केवल भौतिक पूर्वाधारमा सीमित नगरी नागरिकको स्वास्थ्य, मानसिक सन्तुलन र जीवनशैलीसँग जोड्न खोजेका छौं। उनका अनुसार आगामी आर्थिक वर्षहरुमा आरोग्यसम्बन्धि कार्यक्रमलाई नीति तथा कार्यक्रममा समावेश गर्दै संस्थागत्रुपमा अघि बढाइनेछ।

कार्यक्रममा जीवनविज्ञानका संस्थापक गुरु रमेश नेपालको विशेष उपस्थिति थियो। उनले आरोग्य जीवनशैलीको महत्वबारे प्रवचन दिंदै आधुनिक जीवनशैलीका कारण बढ्दो रोगको जोखिमलाई कम गर्न खानपान, व्यवहार, सोच र जीवनशैलीमा परिवर्तन आवश्यक रहेको बताए। उनले नेपालकै पहलमा अन्तर्राष्ट्रियस्तरमा आरोग्य दिवस मनाउने निर्णय हुनु देशका लागि गौरवको विषय भएको उल्लेख गर्दै यसले विश्वसमुदायमा नेपाललाई चिनाउने अवसरसमेत प्रदान गरेको बताए।

थाहा नगरपालिकाले आरोग्य नगर बनाउने लक्ष्यसहित सुरु गरेको अभियानलाई स्थानीय तहबाट स्वास्थ्यप्रति जनचेतना फैलाउने महत्वपूर्ण पहलका रुपमा लिइएको छ। यसले नागरिकलाई आफ्नै स्वास्थ्यप्रति जिम्मेवार बनाउँदै दीर्घकालीनरुपमा स्वस्थ्य, सक्षम र उत्पादक समाज निर्माणमा टेवा पुर्‍याउने अपेक्षा गरिएको छ। स्थानीय तहबाट सुरु भएको अभियान अन्य पालिकाका लागिसमेत प्रेरणादायी बन्नसक्ने विश्वास लिइएको छ। नेपालकै पहलमा सुरु भएको दिवसले अब विश्वभर स्वास्थ्यप्रति नयाँ दृष्टिकोण स्थापित गर्ने आधार तयार गर्ने अपेक्षा गरिएको जीवनविज्ञान समूहले बताएको छ।

नेपालले अन्तर्राष्ट्रियस्तरमा आरोग्य दिवस मनाउन गरेको प्रस्तावलाई संयुक्त राष्ट्रसंघको महासभाले फागुन २६ गते अनुमोदन गरेको थियो। यससँगै नेपालले स्वास्थ्य क्षेत्रमा निवारणमुखी अवधारणालाई विश्वमाझ स्थापित गर्ने अवसर पाएको छ। आरोग्य दिवसको मूलमर्म रोग लागेपछि उपचार गर्नेभन्दा रोग लाग्नै नदिने उपायमा केन्द्रित छ।

स्वस्थ्य जीवनशैली, नियमित व्यायाम, सन्तुलित आहार, मानसिक स्वास्थ्यको ख्याल तथा मानिसकेन्द्रित स्वास्थ्य प्रणालीमार्फत् जीवनरक्षा, स्वास्थ्य खर्च न्यूनीकरण र रोकथामयोग्य रोग नियन्त्रणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।

# शिक्षाको अधिकार खोस्दा पनि हेरेको हेर्‍यै




काठमाण्डौं/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दैनिकजसो विद्यालयलाई पेल्ने गरी दिएको निर्देशनमा कुनै जवाफ दिन सकेको छैन। स्थानीय तहको अधिकार क्षेत्रलाई हस्तक्षेप गर्दै दैनिकजसो निर्देशन दिंदा पनि स्थानीय तहका प्रमुख र उपप्रमुख हेरेकोहेर्‍यै छन्। बालेन सरकारले झन् पेल्नसक्ने आशंकामा स्थानीय तह बोल्न सकेका छैनन्।

सरकारले लगातार पेल्न थालेको पछिल्लो उदाहरण नयाँ शैक्षिक सत्र कहिलेदेखि सुरु हुने हो भन्ने छ। स्रोतका अनुसार सरकारी विद्यालयसँग निजीको पठनपाठन मिलाउन शैक्षिक सत्र परिवर्तन गरेको गर्‍यै छन्। स्रोतका अनुसार सरकारी विद्यालयमा एसईईको उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण र नम्बर प्रविष्ट गर्नकै लागि करिब ५० लाख विद्यार्थीको पठनपाठनमा गम्भीर असर पर्ने गरी शैक्षिक सत्रको मिति परिवर्तन गरेको गर्‍यै छन्।

'मन्त्रालयले शैक्षिक सत्र परिवर्तन गर्ने होइन, मन्त्री त देखावटीमात्र हो। सबै निर्णय प्रधानमन्त्री कार्यालयबाट मन्त्रालयमा आउँछन्। अनि मन्त्रालयले सम्बन्धित निकायलाई सोही निर्णय फरवार्ड गरेको पाइन्छ,' मन्त्रालयस्रोतले भन्यो। भर्ना अभियानको निर्णय पनि त्यसै गरी भएको हो। मन्त्रालयले दिएको निर्णय शिक्षा तथा मानवस्रोत विकास केन्द्रले छाप लगाएर पठाउनेमात्र हो। सरकारले अति गर्न थालेपछि केही स्थानीय निकायले भर्ना अभियान सुरु गर्दैछन्। काठमाडौं र ललितपुर महानगरपालिकाले सम्भवतः १५ गतेबाट पठनपाठन सुरु गर्ने तयारी गरेका छन्। मन्त्रालयले चैतको अन्तिम साता बैशाख २१ गतेबाट शैक्षिक सत्र सुरु गर्न निर्देशन दिएको थियो। त्यसअघि १५ गतेबाट गर्न निर्देशन दिएको थियो।

कहिले छात्रवृत्ति व्यवस्थित गर्न त कहिले भर्ना कार्यक्रम तयारी गर्न भन्दै लगातार तालिका परिवर्तन गरेकोमा स्थानीय तहले आपत्ति जनाएका छन्। चैत २७ गते सरकारले गरेको निर्णयपछि केन्द्रले नयाँ शैक्षिक सत्रका लागि कार्यक्रम तय गरी कार्यान्वयन गर्न सबै स्थानीय तह र विद्यालयलाई अनुरोध गरेको छ। जसअनुसार बैशाख १५ गतेबाट भर्ना अभियान सुरु गर्ने र २१ गतेबाट पठनपाठन सुरु गर्ने तय गरिएको हो।

यसबीच विभिन्न पाँच वटा कार्य गर्न पनि केन्द्रले अनुरोध गरेको छ। नयाँ शैक्षिक सत्रको कार्ययोजना निर्माण गर्ने, वार्षिक कार्यतालिका, शैक्षणिक योजना निर्माण र तयारी गर्ने, विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्ने, शिक्षकको पेसागत् क्षमता विकासका कार्यहरु सञ्चालन गर्ने र विद्यार्थीको सिकाइ उपलब्धि सुधारसम्बन्धि योजना निर्माण गर्न केन्द्रले भनेको छ।

चैत २२ गतेको मन्त्रिपरिषद् बैठकले नयाँ शैक्षिक सत्र बैशाख १५ गतेबाट सुरु गर्ने निर्णय गरेको थियो। चैत २३ गतेदेखि साताको दुई दिन शनिबार र आइतबार सार्वजनिक बिदा दिने सरकारको निर्णयपछि परिवर्तित सन्दर्भमा शैक्षिक गतिविधि तय गर्न केन्द्रले निर्णय गरेको हो।

उक्त सन्दर्भका आधारमा सबै स्थानीय तह र विद्यालयलाई समन्वय र सहजीकरण गरिदिन शिक्षा मन्त्रालयले केन्द्रलाई परिपत्र गरेको थियो। संविधानको धारा ३१ मा शिक्षासम्बन्धि हक उल्लेख छ। अनुसूची ८ मा संविधानको धारा ५७ को उपधारा ४, धारा ११४ को उपधारा २, धारा २२१ को उपधारा २ र धारा १२६ को उपधारा १ सँग सम्बन्धित २२ विषयलाई स्थानीय तहको अधिकार सूचीभित्र समावेश गरेको छ। अनुसूचीको बुँदा–८ मा आधारभुत र माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ।

सोही आधारमा भर्ना अभियानदेखि शिक्षाका सबै विषय स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेमा नयाँ सरकारले 'काम देखाउन' स्थानीय तहलाई पेल्न थालेको छ। यहाँसम्मको संघ सरकारले बढी शुल्क र भर्ना लिए तत्काल कारबाही गर्न स्थानीय तहलाई पत्राचार गरेको छ। अधिकांश स्थानीय तहले सरकारको स्वेच्छाचारी निर्देशन नमान्ने भएका छन्। स्थानीय तहको अधिकार हस्तक्षेप गरी एकलौटी निर्णय लाद्न खोजेकोमा स्थानीय तहले आपत्ति जनाएका छन्।

विशेषगरि निजी विद्यालयलाई पेल्ने गरी पटकपटक ल्याएको निर्देशनको निजी विद्यालयले समेत विरोध जनाएका छन्। प्याब्सन र एनप्याब्सनले सरकारले हरेक पटक फरकफरक निर्णय गर्दा शिक्षा क्षेत्रमा अन्यौलता सिर्जना भएको बताएका छन्।

*रिमोट मान्दैनौं*

नेपाल नगरपालिका संघ अध्यक्ष भीमप्रसाद ढुंगानाले सरकारले संविधानविरुद्ध गरेको निर्णय मान्न नसकिने चेतावनी दिए। उनले सरकारले रिमोट लिएर स्थानीय तह सञ्चालन गर्न खोजेकोमा आपत्ति जनाउँदै यस्ता निर्णयको संघले विरोध गर्ने बताए। उनले भने–पछिल्लो उदाहरण भर्ना अभियानसँग जोडिएको छ। विद्यालय कहिले खोल्ने, कहिलेदेखि भर्ना अभियान सुरु गर्नेलगायत आधारभुत र माध्यमिक शिक्षासम्बन्धि अधिकार स्थानीय तहलाई हुँदाहुँदै मन्त्रालयले फरक समयमा फरकफरक निर्देशन दिएर दिक्क पारेको छ।

धादिङका सबै स्थानीय तहले सरकारले चालेको पछिल्लो कदमको विरोध जनाएको जानकारी गराउँदै उनले भने–केही दिनमा संघको बैठक बसेर विरोधका कार्यक्रम ल्याउने तयारी गरेका छौं। अध्यक्ष ढुंगानाले सरकारले संविधानमा भएको अधिकार माथि हस्तक्षेप गरिरेहको आरोप लगाउँदै पछिल्लो उदाहरण शिक्षाक्षेत्रमा दिएको निर्देशन भएको उल्लेख गरे।

# कांग्रेसको किचलो बढ्दै



सन्देश संवाददाता

काठमाडौं/फागुन २१ मा सम्पन्न निर्वाचनको परिणामले अकल्पनीयरुपमा खुम्चाइदिंदा पनि नेपाली कांग्रेस सुध्रिनुको साटो ओरालोतर्फको यात्रातिर अघि बढिरहेको छ। पार्टीभित्र विद्रोह गरेर विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित भएका गगन थापाले पार्टीलाई लयमा फर्काउन नसक्दा पार्टीभित्रको किचलो घट्नुको सट्टा झन् बढ्दै गएको छ।

पार्टीले समानान्तर गतिविधिमा सक्रिय रहेको भन्दै पूर्वकार्यबाहक सभापति पूर्णबहादुर खड्कालाई कारबाही गर्ने तयारी गरेको छ।

खड्काले कार्यबाहक सभापतिकै हैसियतमा दोस्रोपटक पार्टीको लेटरहेड प्रयोग गर्दै वक्तव्य जारी गरेपछि कांग्रेसको केन्द्रीय अनुशासन समिति र केन्द्रीय कार्यसम्पादन समितिले कारबाहीको प्रक्रिया अघि बढाएको हो।

बुधबार सानेपामा केन्द्रीय कार्यसम्पादन समितिको बैठकभन्दा अगाडि नै बस्ने अनुशासन समितिको बैठकले खड्कामाथि कारबाही गर्ने निर्णय गर्नेछ। तर, राजनीतिक विश्लेषकहरु भने कारबाहीले मात्र पार्टीको आन्तरिक विग्रहको समाधान नहुने बताउँछन्। उनीहरुका अनुसार कांग्रेसलाई हाल फुटाउने होइन, जुटाउने बेला भएको छ।

राजनीतिक विश्लेषक डा. सुरेन्द्र खतिवडाले कांग्रेसको मूल समस्या नेतृत्वको द्विविधा र पार्टीभित्रको संरचनागत् कमजोरी रहेको टिप्पणी गर्दै भने–कांग्रेसभित्र दुई तहको समस्या देखिन्छ। एउटा, सभापति गगन थापा र उनको टोलीले पार्टीलाई नयाँ दिशा दिन खोज्दै गर्दा पुरानो संरचना र मानसिकताले साथ नदिएको अवस्था छ। अर्को, पूर्णबहादुर खड्काजस्ता नेताहरुले आफूलाई उपेक्षित ठान्दै समानान्तर गतिविधि गरिरहेका छन्। यो पार्टीको विधान र लोकतन्त्र दुवैको लागि खतरा हो।

उनले पार्टीको नेतृत्व र पुराना पंक्तिबीच विश्वासको खाडल कारबाहीले मात्र पुर्न नसक्ने धारणा राख्दै भने–खड्कालाई कारबाही गर्नु एउटा उपाय हो। तर, मूल समस्या नेतृत्वको एकलौटी शैली र पार्टीभित्रको संवादहीनता हो। गगन थापा युवा हुनुहुन्छ, ऊर्जाशील पनि देखिनुहुन्छ तर उहाँ वरिपरिको टोलीले पुरानै पद्धति अपनाएको देखिन्छ। यसले असन्तुष्टि बढाइरहेको छ। विश्लेषक प्रा.अशोक कोइरालाले कांग्रेसको समस्या संरचनात्मकरुपमा गहिरो रहेको टिप्पणी गर्दै भने–नेपाली कांग्रेस जनताको पुरानो पार्टी हो।

तर, उसले आफूलाई समय अनुसार परिवर्तन गर्न सकेन। संस्थापन पक्ष लचिलो बन्न नसक्दा पार्टी जनताबाट टाढिँदै गएको छ। हालको कारबाहीको तयारीले पार्टीभित्रको असन्तुष्टिलाई थप इन्धनमात्र दिनेछ। कांग्रेस संस्थापन पक्ष लचिलो बन्न नसक्दा पार्टी जनतामाझ अलोकप्रिय बन्दै गएको विज्ञहरुको ठम्याइँ छ।

आन्तरिक विग्रह र गुटबन्दीमा व्यस्त हुँदा कांग्रेसले विकास, सुशासन र जनअपेक्षाका विषयलाई प्राथमिकता दिन नसकेको र जनताका मुद्धामा बोल्न नसकेको राजनीतिक विश्लेषक खगेन्द्र भट्टराईको ठम्याइँ छ। उनले भने–पूर्णबहादुर खड्काले रमेश लेखक पक्राउको मुद्धा उठाउँदै जनअदालतको कुरा गरे। तर, त्यो पनि व्यक्तिगत् महत्वकांक्षाको पराकाष्ठामात्र देखियो।

# एक सयभन्दा बढीको सामग्रीमा भन्सार लाग्ने

वीरगञ्ज/भारतबाट एक सय रुपैयांभन्दा बढी मूल्यको सामान ल्याउंदा अनिवार्यरूपमा भन्सार तिर्नुपर्ने नियम कडाइका साथ लागू गरिएको छ।

सीमावर्ती भारतीय बजारबाट किनमेल गरेर नेपाल आयात गरिने सामग्रीमा नेपाल सरकारले भन्सार वापतको कर लगाएको छ। परिस्कृत नयाँ भन्सारको यात्रु सम्बन्ध सुविधाको नियमसंगै अब भारतीय बजारमा नेपालीले किनमेल गर्दा एक सय रुपैयांभन्दा बढी मूल्यको वस्तुमा भन्सार लाग्नेछ। यसअघि सीमानाका क्षेत्रका भारतीय बजारमा गरिने किनमेलमा भन्सार लागु थिएन।

यसखालको नियमले सीमा क्षेत्रका नेपाली बजारलाई राहत मिल्ने भन्सार विभागको दाबी छ। २०८२ जेठ १५ मा परिष्कृतरुपमा अर्थ मन्त्रालयले प्रकाशित गरेको यात्रुको भन्सार सुविधाअन्तर्गत यस्तो नियम आएको भन्सार विभागले जनाएको छ। यसअघि नै यस्तै प्रकृतिको नियम भए पनि कार्यान्वयन नहुंदा नेपाली उद्योगी/व्यापारी र बजार मर्कामा परेको गुनासोपछि परिष्कृतरुपमा मधेश प्रदेशको ८ वटै जिल्लासंग जोडिएको सीमावर्ती क्षेत्र अवस्थित सुरक्षा निकायले माइकिंग गरी एकसय रुपैयांभन्दा बढी मूल्य बराबरको सामग्री नेपाल ल्याइएमा भन्सार वापतको शुल्क अनिवार्यरुपमा बुझाउनुपर्ने भन्दै सर्वसाधारणमा सूचित गरिएको छ।

विभागका प्रवक्ता पुण्यविक्रम खड्काले भने, 'नयाँ नियम राजपत्रमा आएसंगै हामीले मातहतका कार्यालयलाई यसबारे जानकारी गरायौं, अहिले कार्यान्वयन सुरु भएको छ,' उनले भने, 'नेपाल–भारत सीमामा भारततर्फका बजारमा गरिने किनमेलमा एक सय रुपैयाँभन्दा धेरै भयो भने त्यो भन्सार घोषणा गरेर मात्रै नेपाल ल्याउन पाइन्छ।'

यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने मालवस्तु जाँच पास सम्बन्धी संशोधनको ५ नम्बर बुँदामा यस्तो व्यवस्था गरिएको छ। जसमा हवाई यात्रुले ल्याउन पाउने यात्रु सुविधाका वस्तुहरुको कुनै पनि सुविधा स्थलमार्गका सर्वसाधारणलाई छैन। तर भारतीय सेनामा काम गर्ने सैनिक अधिकारी, भारत र चीनमा पढ्न जाने विद्यार्थीलाई भने कम्प्युटर र ल्यापटप ल्याउन भने सुविधा दिइएको छ।

*बागमतीमा भेटियो किङ कोब्रा,*

# डेढ वर्षमा झण्डै १० को उद्दार



सन्देश संवाददाता

हेटौंडा/पूर्वी मकवानपुरको बागमती गाउंपालिकामा किङ कोब्रा भेटिएको छ। मंगलबार बागमती गाउँपालिका ७ नम्बरस्थित सातातल्लेमा विश्वमै सबैभन्दा लामो तथा विषालु मानिने किङ कोबा सर्प भेटिएको हो। सातातल्लेको बस्तीबाट करिब १२ फिट लामो किङ कोब्रा सर्पको उद्दार गरिएको हो।

सर्प उद्दारकर्ता राजेश थापा गरिब र रोशन थापा दीपले सर्पको उद्दार गरेका हुन्। यसअघि पनि करिब एक वर्ष पहिले डिभिजन वन कार्यालय मकवानपुरसंगको सहकार्यमा कोब्रो सर्पको उद्दार गरिसकेका थिए। सर्प उद्दार गरिएको यो दोस्रो पटक भएको उनीहरुले बताए।

स्थानीय सन्तबहादुर सिन्तानले फोनमार्फत् खबर गरेपछि तत्काले सर्प उद्दारकर्ताहरु घटनास्थल पुगेर कोब्राको उद्दार गरेको बताए। किङ कोब्रोको सकुशल उद्दारपछि जंगलमा छाडिएको थियो।

सर्पलाई मार्नु हुन्न भन्ने मनोभावनाले सर्प उद्दारककर्ताद्वयलाई बोलाइएको उनीहरुले बताए। अन्य सर्पभन्दा २० प्रतिशत बुद्दि हुने किङ कोब्रोको अत्यन्त संवेदनशिल भएकोले यसले एक पटकका झण्डै ४० देखि ५० वटासम्म अण्डा दिएर गुढ बनाएर करिब ३ महिनासम्म त्यही गुढमा बसेर अण्डाको संरक्षण गर्ने काम गर्छ भने अण्डाबाट बच्चा निकल्नुभन्दा ३,४ दिन पहिलेनै सर्प खाने भएको त्यहांबाट भाग्ने गर्छ।

सर्पहरूले वातावरण सन्तुलन कायममा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले सर्पको संरक्षण गर्न आवश्यक रहेको सर्प उद्दारकर्ता र ाजेश र रोशनले बताए। उनीहरुले अहिलेसम्म मकवानपुर जिल्लाबाट अतिरिक्त मोनोस्लेड कोब्रा, स्पेक्टिकल कोब्रा, बेन्डेड, कोरल स्नेक, ग्रीन पिट भाइपरलगायतका विषालु प्रजातिका र अन्य धामनसहित विभिन्न अविषालु सर्पहरको उद्दार गरिसकेका छन्।

# वनमा छाडियो 'किसानको साथी'



सन्देश संवाददाता

हेटौंडा/'किसानको साथी' का रुपमा परिचित सालकको संरक्षणमा सक्रिय हेटौंडास्थित रानी सामुदायिक वन उपभोक्ता समूहले गाउँमा भेटिएको बच्चासहितको सालकलाई सुरक्षितरुपमा वनक्षेत्रमा छाडिएको छ। समूहका अनुसार उक्त वनक्षेत्रमा हाल करिब पाँच दर्जन सालक संरक्षणमा छन्।

मकवानपुरगढी गाउँपालिका–३ निवासी मनिष देवकोटाले बुधबार करिब २ बजे घरनजिक बच्चासहित सालक फेला पारेर इलाका प्रहरी कार्यालय मकवानपुरगढीमा बुझाएका थिए। उक्त सालकलाई पछि रानी सामुदायिक वनको ब्लक–६ मा निर्माण गरिएको विशेष सालक केजमा स्थानान्तरण गरिएको हो।

सालक छाड्ने क्रममा हेटौंडा–६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, वडा सदस्य विजय पौडेल, सबडिभिजन वन कार्यालय हेटौंडा वन अधिकृत बच्चुराम सुबेदी, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुर अध्यक्ष साधुराम चौलागाई, रानी सामुदायिक वन अध्यक्ष केशब धितालगायतको उपस्थिति थियो।

रानी सामुदायिक वनले २०६२ सालदेखि सालक संरक्षण अभियान सञ्चालन गर्दै आएको छ। वनक्षेत्रमा सालकसम्बन्धि जनचेतनामूलक कार्यक्रम, तालिम, विद्यालयस्तरीय अभियान, मूर्ति स्थापना तथा होर्डिङ बोर्ड निर्माण जस्ता गतिविधि निरन्तर सञ्चालन गरिँदै आएका छन्।

*मधेश प्रदेश सरकारमाथि संकट*

# सरकार फेर्ने गृहकार्यमा जनमत

सन्देश संवाददाता

वीरगञ्ज/मधेश प्रदेश सरकारमाथि संकट देखिएको छ। नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा रहेको चार दलको सरकार उपर कमिसनमा डुबेको आरोप छ।

सत्ता साझेदार जनमत पार्टीले सरकारले योजना कार्यान्वयन गर्न असफल रहेको, नयाँ बजेट बनाउन थालनी नगरेको, क्याबिनेटको बैठक नियमित नभएका लगायतका आरोपहरु लगाएको छ।

जनमत पार्टीको सचिवालय बैठकमा मधेश प्रदेश सरकारको समीक्षा भएको जनमत पार्टीका महासचिव, पूर्वमन्त्री र जनमत पार्टीका प्रमुख सचेतक चन्दन सिंहले जनाएका छन्। मधेश प्रदेश सरकार सहमतिअनुसार कार्य गर्न नसकेको, योजनाहरुको कार्यान्वयनमा कमिसन बाधक बनेको, कयौं योजनाको हालसम्म टेण्डरसमेत नभएको, अगामी आर्थिक वर्षको बजेट बनाउने कार्य समेत प्रारम्भ नभएकोप्रति बैठकमा चिन्ता व्यक्त गरिएको सिंहले बताए। 'प्रदेश सरकार पूर्णरुपमा असफल भएको छ'

उनले भने, सरकार तत्कालै नसच्चिए समर्थन फिर्ता लिनेछ। मधेश प्रदेश सरकार पद्धतिमा नचलेको आरोप लगाउंदै उनले भने, जिल्लाहरुमा फरक फरकढंगले सरकारले काम गरिरहेको छ।

# अटोमोबाइल्स एसोसिएसनद्वारा भित्तेपात्रो

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा अटोमोबाइल्स एसोसिएसनको आयोजनामा नयाँ वर्ष २०८३ को अवसरमा शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन कार्यक्रम आइतबार हेटौंडामा भएको छ। संस्था अध्यक्ष धर्मराज धिमालको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका–११ की वडा अध्यक्ष जुना दाहाल प्रमुख अतिथि थिइन्। कार्यक्रममा प्रमुख अतिथि दाहालले व्यवसायीहरुलाई पार्टपुर्जामा न्यून मार्जिन राखी इमानदारिपूर्वक व्यवसाय सञ्चालन गर्न आग्रह गरिन्।

कार्यक्रममा अध्यक्ष धिमालले संस्थाका निवर्तमान अध्यक्ष ऋषिकुमार ढकालले सुरु गरेको भित्तेपात्रो विमोचन कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको जानकारी दिए। संस्था हेटौंडा उपमहानगरपालिका–११ नम्बर वडामा अवस्थित रहेको र वडा कार्यालयबाट निरन्तर सहयोग प्राप्त भइरहेकाले स्थानीय सरकार प्रति निकटता महसुस भएको उनले बताए।

कार्यक्रममा संस्थाका पूर्वअध्यक्षहरु सुरेशकुमार श्रेष्ठ, सुदेशकुमार श्रेष्ठ, सागर सापकोटा, दामोदरप्रसाद अटल, निवर्तमान अध्यक्ष ऋषिकुमार ढकाल, कानुनी सल्लाहकार हेमन्त ढुंगाना, सल्लाहकार दीपेन्द्रकुमार उप्रेती, वरिष्ठ उपाध्यक्ष जीतेन्द्र तिवारी तथा नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रम संयोजक देवनारायण दुलालले धन्यबाद ज्ञापन गर्दै कार्यक्रम समापन गरेका थिए।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




**चालु फेन्सी पसल बिक्रीमा**

हेटौंडा–४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।
**सम्पर्क** :
९८४५०३१७८६, ९८२११४००२२

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा–२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनखण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।
**सम्पर्क नम्बर** : ९८४५१२३३६६

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६ ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने